मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं।
❖आफ्नो काम कानूनी प्रक्रिया र नियमअनुसार गरौं,
❖उपहार दिने र लिने नगरौं,
❖सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य नगरौं,
❖सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
❖घुस लिने र दिने दुवै अपराधी हुन्,
❖सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारवाही गरौं,
❖भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
❖अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोल-फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।
भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं,
सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २७ ★ अङ्क : ३०६ ★ ने. सं. ११४६ थिंला थ्व, चतुर्थी ★ सोमबार ★ ८ मङ्सिर, २०८२ ★ November 24, 2025, Monday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## नागरिकता व्यक्तिगत स्वार्थभन्दा पनि देशको निम्ति लड्न हुनुपर्ने

काठमाडौँ, मङ्सिर ७। नीति अनुसन्धान प्रतिष्ठानको आयोजनामा विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अवसर दिने र स्वदेशमा निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकलाई मतदानको अवसर दिनेबारे छलफल भयो ।

प्रतिष्ठानका अध्यक्ष प्रा. डा. लेखनाथ शर्माले सर्वोच्च अदालतबाट देशबाहिर रहेका नेपालीलाई मतदानको अवसरको लागि आदेशहरू भएको उल्लेख गर्दै आगामी फागुन २१ गते हुने निर्वाचनमा विदेशमा रहेका नेपालीलाई भौतिक उपस्थितिमा मतदान गराउनु तत्काललाई सम्भव नहुने बताउनुभयो ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धान अधिकृत दीपककुमार खड्काले निर्वाचन क्षेत्रबाहिर र देशबाहिर रहेका नेपाली नागरिकलाई मतदान गराउने विषयमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेस गर्न प्रधानमन्त्री कार्यालयबाट गएको कार्तिक १ गते पत्र प्राप्त भएको उल्लेख गर्दै संविधानको धारा ८४ (१) (ख) मा सम्पूर्ण देश एक निर्वाचन क्षेत्र बनाई समानुपातिक मतदान हुने र धारा ८४ (५) मा एक निर्वाचन क्षेत्रबाट एक जना प्रत्यक्ष निर्वाचित हुने व्यवस्था भएको बताउनुभयो ।

उहाँले विदेशस्थित नेपाली दूतावास तथा कूटनीतिक निकाय ४४ देशमा भएको र त्यसमा सेवा गर्ने कर्मचारी औसत ४ जनाले कुल १८६ जना भएको उल्लेख गर्नुभयो ।

अनुसन्धान अधिकृत खड्काले अनलाइन मतदान गराउन मङ्सिर महिनाभित्र अस्थायी मतदाता सूची सङ्कलन हुनुपर्ने, १० लाख मतदातालाई अनलाइनमार्फत मतदान गराउन थप ८७ करोड खर्च लाग्ने, निर्वाचन आयोगमा महाशाखा गठनसहित विज्ञहरू नियुक्ति हुनुपर्ने सर्वदलीय सहमति आवश्यक हुने उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले सर्वोच्चको आदेशमा खोलानालामा फोहोर ढल र फोहरमैला खसाल्न नहुने उल्लेख भए पनि सरकारहरूबाट कार्यान्वयन नभएको र सार्वजनिक र सरकारी सम्पत्ति सम्पदा, जङ्गल, पर्तीजग्गासमेत व्यक्तिको नाममा हुने गरी सर्वोच्चबाट भएको आदेश पनि कार्यान्वयनमा नआएको उल्लेख गर्नुभयो ।

विदेशमा रहेका नेपाली नागरिकले कुन कुन देशको नागरिकता लिएका छन्, त्यसबारे नेपाल सरकारसँग अभिलेख नभएको, तीनओटा देशको नागरिकता भएका व्यक्तिलाई समेत शासक दलहरूले मन्त्री नियुक्ति गरेको, विदेशमा रहेका नेपाली नागरिकलाई मतदान गराउन अलग कानुनी व्यवस्था गर्न नपर्ने गरी नेपालीलाई देशभित्र रोजगारीको व्यवस्था गर्नुपर्ने सुझाव सचिव सुवालले दिनुभयो ।

हरेक नागरिक देशको निम्ति लड्नुपर्ने र व्यक्तिगत स्वार्थको लागि मात्र नागरिकता नदिइने उल्लेख गर्दै सचिव सुवालले देशको सन्तुलित विकास गरिएको भए निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकलाई मतदानको अलग कानुनी व्यवस्था गर्न नपर्ने सुझाव दिनुभयो ।

२००७ साल र २०४६ साललगायत आन्दोलनमा भ्रष्टाचार र कुशासनको विरोध गरेका युवाहरू शहादत हुनुभएको तर सरकारमा गएकाहरूबाट ती सहिदहरूको सपना पूरा नभएको उल्लेख गर्दै सचिव सुवालले सहिदको सपना पूरा गर्न शिक्षा र स्वास्थ्य निःशुल्क, स्वदेशमा रोजगारी, भ्रष्टाचारीहरूलाई मृत्युदण्डसमेत हुने कानुनी व्यवस्था जरुरी भएको सुझाव दिनुभयो ।

सचिव सुवालले थप्नुभयो, “चुनावमा पैसा र सामान बाँड्ने, भोज खुवाउनेहरूको उम्मेदवारी खारेज हुने, सरकारमा गएर घोषणापत्रअनुसार काम नगर्नेहरूलाई चुनावमा उठ्न नदिने व्यवस्थासहित अध्यादेश जारी हुनु जरुरी छ ।”

छलफलमा राप्रपाका गीताभक्त जोशी विद्युतीय मतदानबारे कुन कुन देशमा के कस्तो व्यवस्था छ विस्तृत अध्ययन गर्नुपर्ने बताउनुभयो ।

माओवादीका शक्ति बस्नेतले विद्युतीय मतदान गराउन सरकारको तयारी के कस्तो छ सार्वजनिक हुनुपर्ने उल्लेख गर्नुभयो ।

***बाँकी पृष्ठ २ मा***

## जापान इन्टरनेसनल मेडिकल टेक्नोलोजी फाउन्डेसन (जिम्टेफ) का चिकित्सक टोली भक्तपुर नगरपालिकामा



भक्तपुर, ७ मङ्सिर। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जापान इन्टरनेसनल मेडिकल टेक्नोलोजी फाउन्डेसन (जिमटेफ) का चिकित्सक टोलीले आइतबार भेट गऱ्यो ।

भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुरमा श्वासप्रश्वास पुनःस्थापना केन्द्र स्थापनाको लागि जापान सरकारले गरेको प्राविधिक सहयोगको लागि धन्यवादज्ञापन गर्दै भक्तपुरमा श्वासप्रश्वास पुनःस्थापना केन्द्र सञ्चालनले भक्तपुरलगायत देशभरिका दीर्घ दमखोकी भएका व्यक्तिहरू लाभान्वित भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवा प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको अवगत गर्दै उहाँले भक्तपुरलाई राम्रो उपचार हुने केन्द्रको रूपमा विकास गर्ने प्रयत्न नगरपालिकाले गर्दै आएको बताउनुभयो । विदेशी दातृ सङ्घ संस्थाबाट हुने सहयोगलाई भक्तपुर नपाले अधिकत्तम जनताको सेवा हुने

***बाँकी पृष्ठ ८ मा***

संगम बचत तथा ऋण सहकारी संस्था लि
खःलाँ, भनपा–४, भक्तपुर

१८ औं वार्षिक साधारणसभाबारे सूचना

संगम बचत तथा ऋण सहकारी संस्था लि को १८ औं वार्षिक साधारणसभा निम्नानुसार मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण सदस्य महानुभावहरूमा सूचित गरिन्छ ।

**कार्यक्रम**
**मिति** : २०८२ मङ्सिर १३ गते, शनिबार
**स्थान** : आदर्श आजाद मा.वि./कलेज
**समय** : बिहान १०:०० बजे

**छलफलका विषय :**
१. आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन ।
२. आ.व. २०८१/०८२ को आयव्यय तथा आ.व. २०८२/०८३ को बजेट ।
३. आ.व. २०८१/०८२ को लेखा समितिको प्रतिवेदन ।
४. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन र आ.व.२०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने ।
५. सञ्चालक समितिबाट विभिन्न मितिमा भएका निर्णयहरू अनुमोदन ।
६. विविध ।

**थप जानकारी**
❍ १७ औं वार्षिक साधारणसभासम्ममा सम्मान गरिसकेका ज्येष्ठ सदस्यहरूबाहेक २०८२ असार मसान्तसम्म ७० वर्ष नाघेका सदस्यहरूलाई सम्मान गर्ने भएकोले ज्येष्ठ सदस्य/सदस्य परिवारले संस्थामा सम्पर्क गर्नुहोला ।
❍ साधारणसभामा परिचयपत्र वा पासबुकसहित सदस्य स्वयम् उपस्थित हुनुहोला ।
❍ साधारणसभामा उपस्थित बालबचतकर्ता, खुत्रुके बचतकर्ता र दैनिक बचकर्ताहरूलाई खाजा खर्च रु.३००।- प्रदान गरिनेछ ।
❍ आ.व. २०८१/०८२ को कारोबारबाट सदस्यहरूलाई कर कट्टा गरी शेयर पुँजीको १० प्रतिशत लाभांश प्रदान गरिनेछ ।
❍ लाभांश सदस्यहरूको खातामा जम्मा गरिने भएकोले उपयुक्त समयमा संस्थाबाट प्राप्त गर्न सकिनेछ ।
❍ भाखा नाघेका ऋणी, ३ महिनाभन्दा बढी ब्याज बुझाउन बाँकी र तीन महिनाभन्दा बढी समयसम्म नियमित बचत बुझाउन बाँकी सदस्यहरूलाई साधारणसभाको सुविधा प्रदान नगरिने जानकारी गराउँदछौं ।
***सञ्चालक समिति***

## नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समितिको तेस्रो नगर सम्मेलन सम्पन्न




दैलेख, ७ मङ्सिर। नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समितिको तेस्रो नगर सम्मेलन आइतबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सचिवालय सदस्य नन्दबहादुर शाहीले राजनीतिक कार्यकर्ताहरूले हरेक विषयमा जानकारी राख्नुपर्ने बताउनुभयो ।

नेमकिपाले पदमा पुग्न, सेवा सुविधा लिन राजनीति गरेको नभई सम्पूर्ण जनताको जीवनस्तर उठाउन राजनीति गरेको हो, उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले आफ्नो ठाउँको समस्याको समाधान आफै गर्न सक्ने शिक्षा दिन यहाँकै शिक्षकले प्रयास गर्नुपर्ने बताउनुभयो ।

स्थानीय केटाकेटीहरूमा आफ्नो ठाउँप्रति माया जगाउने र देशभक्तिको भावना सिकाउने समाजवादी शिक्षा दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले हाम्रा हरेक गतिविधि जनताको हितमा हुनुपर्नेमा जोड दिनुभयो । देश र जनताको हितविपरीत काम गर्ने कसैलाई पनि जनताले नछोड्ने उहाँले सजग गराउनुभयो ।

केन्द्रीय सदस्य सरोजराज गोसाईको अध्यक्षतामा केन्द्रीय सदस्य बखतबहादुर थापा र वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्कासहितको तीन सदस्यीय अध्यक्ष मण्डलले सम्मेलनको बन्दसत्र सञ्चालन गरेको थियो ।

***बाँकी पृष्ठ २ मा***

# समाजवादी व्यवस्थामा जनताका आधारभूत आवश्यकता सुनिश्चित हुने




भक्तपुर, ७ मङ्सिर । भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले समाजवादी व्यवस्थामा जनताका आधारभूत आवश्यकताको सुनिश्चितता हुने बताउँदै भक्तपुर नगरपालिकाले समाजवादउन्मुख काममा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ३ नासमनामा आइतबार आयोजित नगरपालिकाको सेवाप्रवाह र समसामयिक विषयमा जानकारी दिने सभामा बोल्दै उहाँले नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणको साथसाथै नागरिकहरूलाई सीपयुक्त बनाउन विभिन्न तालिमहरू सञ्चालन, गरिब तथा जेहेनदारलाई छात्रवृत्ति र शैक्षिक ऋणको व्यवस्था गर्दै आएको बताउनुभयो ।

भक्तपुरलाई शैक्षिक हबको रूपमा विकास गर्न नपा प्रयासरत रहेको बताउँदै उहाँले नगरपालिकाबाट सञ्चालित आवास योजनाका कारण भक्तपुर सुन्दर, व्यवस्थित र आकर्षक नगरको रूपमा विकास भएको यथार्थबारे प्रस्ट पार्नुभयो ।

उपप्रमुख जोशीले नेपालले छिमेकी देश चीनको विकासबाट धेरै कुरा सिक्न सकिने बताउँदै बढ्दो सहरीकरण र अस्वस्थ जीवनशैलीका कारण नसर्ने रोगको जोखिम बढिरहेको हुँदा जनतालाई सचेत पार्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रमका सभापति एवं भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले नगरपालिकाका गतिविधिबारे जनतालाई जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउँदै वडाको काममा अवरोध गर्ने र जनतालाई दुःख दिनेहरूबाट सतर्क हुनुपर्ने बताउनुभयो ।

उहाँले अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउनकै लागि नगरपालिकाले आवास योजना सञ्चालनमा ल्याएको बताउँदै नपाका जनप्रतिनिधिहरू नगरको विकासमा अहोरात्र खटिरहेको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले देको मिवा आवास योजनाबारे उठेका विवाद र जनताको समस्यालाई हल गरेर आयोजना अगाडि बढ्ने बताउँदै जनतालाई सुविधा दिने उद्देश्यले नै आयोजना सञ्चालनमा आएको हो भन्नुभयो ।

नेक्राकिसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्वले नेमकिपा स्थापनाको उद्देश्यमाथि प्रकाश पार्दै कामदारवर्गलाई राजनैतिक रूपमा प्रशिक्षित गरी सङ्गठित पार्ने अभियानमा पार्टीले काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले ख्वप अस्पताल जनताबाट निर्मित जनताको अस्पताल हो भन्दै अस्पतालले नवीनत्तम सेवासुविधाहरू उपलब्ध गराउँदै आएको प्रस्ट पार्नुभयो । अस्पतालले छिट्टै सिटी स्क्यानको सेवा सुरू गर्ने तयारी गरिरहेको बताउँदै उहाँले ख्वप अस्पतालको चारवटै भवनबाट पूर्ण रूपमा सेवा दिने तयारी भइरहेको बताउनुभयो ।

नेमकिपा ३ वडाका संयोजक रामसुन्दर खाताखोले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले नगर विकासको लागि गरिरहेको योगदान उल्लेखनीय रहेको बताउँदै नगर विकासमा नगरवासीहरूको साथ र सहयोग महत्त्वपूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ३ का वडा सदस्य एवम् कार्यपालिका सदस्य सुनिता अवाल र वडा सदस्य कृष्णगोपाल चौगुठीले पनि वडाको सेवा प्रवाहबारे प्रस्ट पार्नुभएको थियो ।

# भनपा १० मा वडाका कर्मचारीहरूको भेला

भक्तपुर, ७ मङ्सिर । भक्तपुर नगरपालिका १० नं वडा कार्यालयको आयोजनामा वडाका कर्मचारीहरूको भेला आइतबार भयो ।

भेलामा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले सार्वभौम जनताको कानुन र क्षेत्राधिकारभित्र बसेर असल, इमानदार र कर्तव्यनिष्ठ भई जनताको समस्या सहजीकरण र चुस्त बनाउनुपर्ने बताउनुभयो ।

उहाँले कानुन र क्षेत्राधिकार बाहिर गएर काम गरे अख्तियार दुरूपयोग हुने बताउँदै कार्यालय सेवाग्राही मैत्री बनाउनुपर्छ भन्नुभयो ।

उहाँले सामाजिक सञ्जालको विकाससँगै सेवाग्राही प्रविधिमैत्री भएकोले हरेक सेवाग्राही पत्रकार भएर कर्मचारीहरूले गरेको अनियमितता र दुर्व्यवहार खिचेर सामाजिक सञ्जालमा राख्ने भएकोले सचेततापूर्वक काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले कर्मचारीहरूले घरको तनाव कार्यालयमा पोख्ने काम गलत भएको बताउँदै उहाँले संयमित र उत्तरदायी हुनुपर्ने बताउनुभयो । उहाँले नेपाल मजदुर किसान पार्टीले जनताको सेवाबाहेक अरु कुनै स्वार्थ नरहेको बताउनुभयो ।

उहाँले जेन-जी आन्दोलनपछि बनेको कमजोर सरकारको कारण जहाँतहीँ अराजकता बढिरहेकोले जहिल्यै सचेत भएर बस्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखा, वडा सदस्य जितेन्द्र मुनंकर्मी र कृष्णनारायण दुमरुले पनि बोल्नुभएको थियो ।

# औद्योगिक प्रशिक्षार्थी तालिम

भक्तपुर, ७ मङ्सिर । वागीश्वरी मा.वि. च्याह्मासिंहमा वाग्मती प्रदेश सामाजिक विकास मन्त्रालय तथा सीटीईभीटीको समन्वयमा २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) बाल विकास सहजकर्ताको अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य ज्ञानसागर प्रजापतिले शिक्षाको सबैभन्दा तल्लो मानिने बाल विकास वास्तवमा सबैभन्दा उच्च महत्त्वको हुनुपर्नेमा जोड दिनुभयो ।

शिक्षण पेसा सेवामा समर्पित हुनपर्ने मात्र नभई बाल विकास तहका सहजकर्ता शिक्षकहरू दोस्रो आमाको भूमिकामा रहनुपर्ने सामान्य विषय हैन भन्दै उहाँले जुन विद्यालयमा बाल विकास तह राम्रो हुन्छ त्यो विद्यालयको शैक्षिक स्थिति राम्रो देखिएको उदाहरण दिनुभयो ।

प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा उक्त तालिमका संयोजक दिनेश प्रधानले तालिमको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा सीटीईभीटीका प्राविधिक अधिकृत शरण मिजारले औद्योगिक प्रशिक्षणबारे विस्तृत जानकारी दिनुभएको थियो भने प्रशिक्षक देवना जोशी र सहायक प्रअ उकेश सुवालले पनि बोल्नुभएको थियो । तालिममा २५ जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो ।

# नेपाली महिला राष्ट्रिय फूटबल टोली इन्डोनेसिया प्रस्थान

कीर्तिपुर (काठमाडौँ), ७ मङ्सिर । इन्डोनेसियामा आयोजना हुने फिफा टायर पहिलो त्रिपक्षीय अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगितामा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्न लागेको नेपाली राष्ट्रिय टोलीलाई आइतबार बिदाइ गरिएको छ । कप्तान एञ्जिला सुब्बाको नेतृत्वमा जान लागेको २२ सदस्यीय टोलीलाई अखिल नेपाल फुटबल सङ्घका महासचिव किरण राईले बिदाइ गर्नुभयो ।

यही मङ्सिर १० गतेदेखि १६ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपाली टोलीले इन्डोनेसिया र चाइनिज ताइपेइको टोलीसँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगितामा चोटका कारण सावित्रा भण्डारी (साम्भा) र सविता रानामगर सहभागी हुने छैनन् ।

महासचिव राईले भन्नुभयो, "महिला फुटबललाई अघि बढाउन क्लबमा आधारित संरचनामा लग्यौ, परिणामस्वरूप अहिले हामीसँग अहिले १० वटा टोली छन् । हालैका केही अन्तर्राष्ट्रिय खेलबाट हामी उत्कृष्ट नतिजा पाउन सक्छौं भन्ने देखिएको छ ।

टोलीका प्रमुख प्रशिक्षक नवीन नेउपानेले इन्जुरीका कारण साम्बाले खेल्न नपाए पनि बलियो टोलीसँगको खेलमा टोलीका अन्य सदस्यलाई प्रतिभा प्रस्तुत गर्ने मौका भएको बताउनुभयो । टोलीकी कप्तान एञ्जिला सुब्बाले यसप्रकारका प्रतियोगिताले आफूहरूलाई सहयोग पुग्ने धारणा राखिन् । ***(रासस)***

# भक्तपुर बचतद्वारा स्वागत तथा बधाई कार्यक्रम

भक्तपुर, ७ मङ्सिर । भक्तपुर बचत तथा ऋण सहकारी संस्थाले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका नवनिर्वाचित पदाधिकारीहरूलाई आइतबार स्वागत तथा बधाइ ज्ञापन गरेको छ ।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले जिल्ला बचत तथा ऋण सहकारी सङ्घको गत कार्तिक २९ गते सम्पन्न २१ औँ वार्षिक साधारण सभाबाट अध्यक्ष पदमा निर्वाचित मित्र बचत तथा ऋण सहकारी संस्थाका हरिकृष्ण बल्ल र उपाध्यक्ष पदमा निर्वाचित भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सचिव जगन्नाथ प्रजापतिलाई स्वागत तथा बधाई ज्ञापन गर्नुभयो ।



संस्थाका अध्यक्ष निर्मल प्रजापतिले भक्तपुर जिल्लाको सहकारी आन्दोलनमा जिल्ला सङ्घबाट निरन्तर सक्रियता देखाएकै कारण सहकारी क्षेत्रमा अन्य जिल्लाको तुलनामा विकृतिमा कमी आएको बताउनुभयो । उहाँले राम्रो कामको सुरुवात भए सबैको साथ पाउने बताउँदै जिल्ला सङ्घलाई एकै वर्ष तीन तहबाट सम्मान पाएको औँल्याउनुभयो । उहाँले देशमा सहकारी क्षेत्रमा आएको विकृतिलाई हटाउन अबको नेतृत्व सफल हुने अपेक्षा गर्नुभयो ।

सङ्घमा निर्वाचित अध्यक्ष हरिकृष्ण बल्लले हरेक समस्यालाई सामूहिक रूपमा निरुपण गरिरहेको बताउँदै उहाँले भक्तपुर बचत र मित्र बचतबिचको सम्बन्ध र सहकार्य निरन्तर भइराख्ने बताउनुभयो । उहाँले भक्तपुर जिल्लाका प्रारम्भिक सहकारी संस्थाका सबै समस्याको सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

संस्थाका सचिव एवम् जिल्ला सङ्घमा निर्वाचित उपाध्यक्ष जगन्नाथ प्रजापतिले सङ्घको लागि भक्तपुर बचतले सुरुदेखि नै निरन्तर सहयोग गरिआएको बताउनुभयो । निर्वाचित पदाधिकारीबाट सहकारी आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने उहाँको प्रतिबद्धता छ ।

कार्यक्रममा संस्थाका व्यवस्थापक सत्यनारायण साँयजुले पनि बोल्नुभएको थियो ।

***नेमकिपा...***

बन्दसत्रमा तेस्रो नगर सम्मेलन तयारी समितिका संयोजक निरकबहादुर शाहीले प्रस्तुत गर्नुभएको प्रतिवेदन सुझावसहित पारित गरिएको थियो ।

सम्मेलनले दीपकबहादुर शाहीको अध्यक्षतामा १९ सदस्यीय नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समिति निर्वाचित गरेको छ ।

नवगठित समितिलाई प्रकाश गुरूङ, विनोद विक, जगत ओली, निरकबहादुर शाही, धनेन्द्र विक, लालबहादुर थापालगायतले शुभकामना दिनुभएको थियो ।

# निर्वाचन प्रयोजनका लागि दलहरूले निवेदन दिने क्रम जारी

काठमाडौँ, ७ मङ्सिर । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन र आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा राजनीतिक दलले निवेदन दिने क्रम जारी छ ।

आयोगको स्वीकृत कार्यक्रमअनुसार यही मङ्सिर १ गतेदेखि सुरू भएको निवेदन दिने यो क्रम यही मङ्सिर १० गतेसम्म रहनेछ । अहिलेसम्म प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ४४ र राष्ट्रियसभा सदस्य निर्वाचनका लागि नौ दलले निवदेन दिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

उहाँले निर्वाचनका लागि जारी हुने निर्वाचन आचारसंहिताको प्रारम्भिक मस्यौदा तयार गरी सुझावका लागि आयोगको वेबसाइटमा राखिएको र आइतबारसम्म सुझाव दिन आह्वान गरिएको जानकारी दिनुभयो । विभिन्न चरणबाट सुझाव प्राप्त भएपछि आयोगले आगामी माघको १-२ गते आचारसंहिता जारी गर्ने आयोगको तयारी रहेको छ । निर्वाचनका लागि आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापनका लागि खरिद प्रक्रिया र अन्य तयारी भइरहेको आयोगले जनाएको छ ।

यो निर्वाचनको पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फमा उम्मेदवारको मनोनयन आगामी माघ ६ गते हुने कार्यक्रम छ । आगामी फागुन २० गते राष्ट्रियसभा रिक्त हुने सदस्यको एक तिहाइ सदस्य १९ मध्ये १८ सदस्यका लागि माघ ११ गते निर्वाचन हुँदैछ । सो सभाको एक सदस्य राष्ट्रपतिबाट मनोनयन हुनेछ । यो निर्वाचनका लागि आगामी पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यसूची छ ।

आयोगमा दर्ता कायम रहेका पुराना र नयाँ सबै दलले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बेग्लै निवेदन दिनुपर्नेछ । आयोगको कार्यक्रमअनुसार यही मङ्सिर ५ गते मतदाता नामावली सङ्कलन र अद्यावधिक सम्पन्न भइसकेको छ । ***(रासस)***

***नागरिकता...***

नेकाका प्रतिनिधिले बङ्गलादेशको आन्दोलनमा के कस्तो विदेशी हस्तक्षेप भयो भन्ने नबुझी त्यहाँको चुनाव प्रक्रियाबारे चर्चा गर्न नहुने बताउनुभयो ।

सागर ढकालले युवाहरूको आन्दोलनपछि हुने चुनावमा बहाना राख्न नहुने उल्लेख गर्नुभयो ।

परराष्ट्र मन्त्रालयका सहसचिव पुष्पराज भट्टराईले विदेशमा कर्मचारीको सङ्ख्या कम, दूतावासबाहिर सम्बन्धित देशको कानुन लागु हुने, विदेशी नागरिकता र स्थायी आवासीय अनुमति पाएका नेपालीको अभिलेख नभएको हुँदा मतदान गराउन सजिलो नहुने बताउनुभयो ।

गृहमन्त्रालयका प्रतिनिधिले आवश्यक कानुन मस्यौदा भइरहेको, विदेशबाट मतदानको लागि सरकार-सरकारबिच समझदारी हुनुपर्ने उल्लेख गर्नुभयो ।

गोश्वारा हुलाक विभागका महानिर्देशकले ५०० ग्रामको खामबन्दी विदेश पठाउन रु. २५०० खर्च लाग्ने र सम्बन्धित देशमा पुग्ने मिति किटान गर्न नसक्ने बताउनुभयो ।

प्रतिष्ठानका अध्यक्ष शर्माले प्राप्त सुझावलाई समेटेर सोमबार सरकारलाई प्रतिवेदन पठाउने बताउनुभयो ।

## सङ्क्षिप्त समाचार

# पत्रकारितासम्बन्धी पुस्तक हस्तान्तरण

काठमाडौँ, ७ मङ्सिर । ग्रामीण आदर्श क्याम्पस नेपालटारलाई पत्रकारितासम्बन्धी पुस्तक हस्तान्तरण गरिएको छ ।

मिडिया प्वाइन्ट र राष्ट्रिय विकास सञ्चार केन्द्रमार्फत सङ्कलन गरिएका पत्रकारितासम्बन्धी पुराना तथा नयाँ पुस्तक आइतबार हस्तान्तरण गरिएको हो । उक्त पुस्तक मिडिया प्वाइन्टका संस्थापक एवं राष्ट्रिय समाचार समिति ( रासस) का पूर्वमहाप्रवन्धक एवं वरिष्ठ पत्रकार श्रीरामसिंह बस्नेतले क्याम्पस प्रमुख राजेन्द्रध्वज थापालाई हस्तान्तरण गर्नुभयो । हस्तान्तरण गरिएका पुस्तकमा हिन्दी, नेपाली र अङ्ग्रेजी भाषाका ५८० पुस्तक रहेका छन् ।

पुस्तक हस्तान्तरण कार्यक्रममा वरिष्ठ पत्रकार बस्नेतले पत्रकारिताका पुस्तक क्याम्पसमा अध्ययनरत विद्यार्थीका लागि लाभदायी हुने भएकाले आफूले हस्तान्तरण गरेको बताउनुभयो । उहाँले पुस्तक कहिल्यै पुरानो नहुने भएकाले कतिपय पुराना पुस्तक अब पाउन पनि गाह्रो रहेको उल्लेख गर्नुभयो ।

क्याम्पस प्रमुख थापाले पुस्तक सहयोग गरेर विद्यार्थीको शैक्षिक विकासमा सहयोग गरेको भन्दै मिडिया प्वाईन्टलाई धन्यवाद दिनुभयो । तारकेश्वर नगरपालिका वडा नं ११ नेपालटारमा सञ्चालित उक्त क्याम्पसमा तीन हजार २०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । *(रासस)*

# उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम सञ्चालन

जुम्ला, ७ मङ्सिर । जुम्लाको आठमध्ये छ वटा स्थानीय तहमा उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम सञ्चालन हुने भएको छ ।

जिल्लाको चन्दननाथ नगरपालिकासहित पातारासी, तीला, हिमा, सिञ्जा र कनकासुन्दरी गाउँपालिकामा सात वर्षसम्म कृषि क्षेत्रमा काम गर्नेगरी सो कार्यक्रम सञ्चालन हुन लागेको कार्यालय प्रमुख सन्तोष भारतीले जानकारी दिनुभयो । उहाँका अनुसार विशेष परियोजनाका रूपमा सञ्चालन हुने सो कार्यक्रमबाट स्थानीय किसानदेखि कृषि उद्यमी र आमउपभोक्ता लाभान्वित हुनेछन् । कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जुम्लाको खाद्यबाली, दलहन, तरकारी, फलफूल, पशुपालन, दुग्धजन्य पदार्थको विकास एवं विस्तारका क्षेत्रमा सहयोग र सहकार्यको अवधारणाबमोजिम किसान तथा कृषि उद्यमी र आमउपभोक्तालाई लाभान्वित तुल्याउँदै जुम्ली जनताको जीवनस्तर सुधारका पक्षमा परियोजना सञ्चालन गरी काम गर्न लागेको स्पष्ट गरेको छ ।

कर्णाली प्रदेशसभा सदस्य देवेन्द्र शर्माले बाँझिएका जग्गाको सदुपयोग, कृषि उत्पादकत्व वृद्धि, उत्पादित कृषिजन्य वस्तुको बजार व्यवस्थापन, स्याउलगायत स्थानीय फसलको संरक्षण र सम्वर्द्धनसहित आमकृषकलाई कृषि क्षेत्रमा आकर्षण गर्न र उच्च मूल्य कृषि वस्तु उत्थानशील कार्यक्रम सफल हुने जानकारी दिनुभयो । यसै सन्दर्भमा जुम्लास्थित कृषकसम्बद्ध विभिन्न सङ्घ, सङ्गठन र अगुवा कृषकले परियोजना सञ्चालन हुन लागेकामा खुसी व्यक्त गर्दै समग्र कृषि क्षेत्रको विकासमा सहयोग र सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । *(रासस)*

# म्याद सकिन लाग्दा कालीगण्डकी करिडोरले गति लियो

गलकोट (बागलुङ), ७ मङ्सिर । थपेको म्याद सकिनै लाग्दा कालीगण्डकी करिडोरको बागलुङस्थित मालढुङ्गा–बलेवा खण्डले गति लिएको छ । अहिले बलेवा विमानस्थलबाट कालोपत्रका लागि आवश्यक पूर्वतयारी थालिएको छ ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको बलेवा–मालढुङ्गा खण्डले तीन वर्षमा जम्मा ६५ प्रतिशत प्रगति हासिल गरेको छ । दुई वर्षमा सक्नेगरी खड्का कृष्ण बिएन जेभीसँग सम्झौता गरेको कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाले काम नसकिएको भन्दै एक वर्ष म्याद थपेको थियो । थपेको म्यादसमेत यही २०८२ मङ्सिर मसान्तमा सकिँदैछ ।

सम्झौता अवधि सकिनै लाग्दा निर्माण व्यवसायीले भने द्रुतगतिमा काम अघि बढाएको छ । निर्माण कम्पनीलाई पटकपटक ताकेता गरेको र कामको प्रगति नभए कारबाहीमा लैजाने भनेपछि कामले गति लिएको कालीगण्डकी करिडोर आयोजना कार्यालयले जनाएको छ । दुई वर्षमा सक्नेगरी सम्झौता भए पनि तीन वर्षमा ६५ प्रतिशत प्रगति भएको र कालोपत्र सकिएमा एकैपटक धेरै प्रगति देखिने आयोजनाका इन्जिनियर पिपुल गौतमले जानकारी दिनुभयो ।

गौतमले बलेवा–हर्मिचौरको ४४ किलोमिटर सडक सम्झौताअगावै काम सम्पन्न भइसकेको छ भने छोटो सडकको रूपमा रहेको बलेवा–मालढुङ्गा सडकको १० किमि सडकको भने थपिएको म्याद सकिनै लाग्दा बल्ल कामले तीव्रता पाएको छ ।

“सम्झौता नथपे काम सकिने अवस्था देखिँदैन, मङ्सिर मसान्तमा सम्झौता सकिन्छ, हामीले काममा नआए कारबाही हुन्छ भनेका थियौँ, अहिले स्थलगतरूपमा काम धेरै नै भइरहेको छ, बलेवा क्षेत्रबाट कालोपत्रको तयारी भइरहँदा मालढुङ्गा क्षेत्रबाट ढलान भइरहेको छ”, गौतमले भन्नुभयो, “मङ्सिर मसान्तसम्म कामको प्रगति हेरेर मात्रै म्याद थपको प्रक्रिया अघि बढ्छ ।”

गौतमका अनुसार १० किलोमिटर दूरी रहेको उक्त खण्डका लागि रु. ५५ करोडमा निर्माण कम्पनीले ठेक्का लिएको थियो । सम्झौताअनुसार दुई वर्षमा मालढुङ्गा–बलेवा खण्ड कालोपत्र गरिसक्नुपर्नेमा दुई वर्षमा आधासमेत काम भएको थिएन । पूर्वाधारको काम अन्तिम चरणमा पुगेकाले कालोपत्रका लागि समय नलाग्ने निर्माण व्यवसायीका प्रतिनिधि दिनबन्धु काफ्लेले जानकारी दिनुभयो ।

अहिले ठूला उपकरण परिचालन गरेर कालोपत्रका लागि तयारी भइरहेको जनाउँदै कामले तीव्रता पाएको बताउनुभयो । सडकमा कालोपत्र गर्न आवश्यक पूर्वाधार सडक चौडा पार्ने, मेसिनरी पर्खाल, कल्भर्ट र ग्याबिन जालीलगायत पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेको भए पनि सडक कालोपत्रमा भने ढिलाइ नै भएको छ । विसं २०७९ मङ्सिरमा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले भुक्तानी समस्या तथा कच्चा सामग्रीको अभाव देखाउँदै काममा ढिलाइ भएको जनाएको छ । *(रासस)*



**धौलागिरि हिमाल र आसपासका हिमशृङ्खला :**
मौसम खुलेसँगै यहाँको घरपझोङ–४ जोमसोम बजारबाट देखिएको धौलागिरि हिमाल र आसपासका हिमशृङ्खला । *तस्बिर: सुन्दरकुमार थकाली/रासस*

# क्षतिग्रस्त बीपी राजमार्गमा स्थायी पुन:निर्माण सुरु

काभ्रेपलाञ्चोक, ७ मङ्सिर । पटकपटकको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्ग स्थायी रूपमा निर्माण सुरु गरिएको छ । नेपालको पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गको क्षतिग्रस्त सडकखण्डको तीन स्थानबाट स्थायी पुन:निर्माण थालिएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

गतसाल असोज दोस्रो साता तथा यस वर्षको गत असोज तेस्रो साताको बाढीपहिरोले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुली खण्डको करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो । बाढीपहिरोले सडकका विभिन्न खण्ड बगाएपछि गतसालदेखि अस्थायी रूपमा सञ्चालनमा ल्याइएको क्षतिग्रस्त राजमार्ग स्थायी रूपमा निर्माण सुरु गरिएको कार्यालयले जनाएको हो ।

क्षतिग्रस्त सडकखण्डमध्ये तीन खण्डको स्थायी पुन:निर्माणका लागि ठेक्का सम्झौता भई काम अघि बढाइएको कार्यालयका प्रमुख डिभिजनल इन्जिनियर सुमन योगेशीले जानकारी दिनुभयो । उहाँका अनुसार काभ्रेपलाञ्चोकतर्फको क्षतिग्रस्त तीन खण्डको चौकीडाँडा, मङ्गलटार, नार्के गिम्दीलगायत क्षेत्रबाट स्थायी निर्माण कार्य सुरु गरिएको हो ।

ठेक्का लागेका तीन मुख्य खण्डको निर्माण कार्य आगामी दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको कार्यालयले जनाएको छ । अबको पुन:निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने योगेशीको भनाइ छ । “पुन:निर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्नेछ, यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाई समेत दुई लेनको निर्माण गरिनेछ”, योगेशीले भन्नुभयो ।

उहाँका अनुसार पाँच पुललाई दुई लेनमा परिणत गर्न अध्ययन भइरहेको छ । डालाबेंसीदेखि चारसयबेँसीसम्म आठ दशमलव पाँच किमी सडक पुन:निर्माणका लागि खानी–एवन–कमलजीत जेभीले रु. एक अर्ब ४२ करोड ३७ लाख (भ्याटसहित)मा निर्माण गर्नेगरी ठेक्का पाएको कार्यालयले जनाएको छ ।

यस्तै, चारसयबेँसीदेखि भकुन्डेबेँसीसम्मको ११ दशमलव शून्य आठ किमी सडक पुन:निर्माणका लागि लामा–नवकान्तिपुर जेभीलाई रु. एक अर्ब ३३ करोड ५३ लाखमा ठेक्का दिइएको हो । नेपालथोकदेखि बर्खेखोलासम्म चार दशमलव ९० किमी सडक पुनर्निर्माणका लागि रु. ६१ करोड (भ्याटसहित)मा निर्माण गर्नेगरी खरिढुङ्गा–घिसिङ–क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको जनाइएको छ ।

क्षतिग्रस्त कूल २९ दशमलव पाँच किमी सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको तीन दशमलव दुई किमी सडक भने जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले निर्माण गरिदिने भएको छ । यस लम्बाइको क्षतिग्रस्त सडकको ठेक्का प्रक्रियाको काम भइरहेको योगेशीले जानकारी दिनुभयो । उहाँका अनुसार यस खण्डको पुन:निर्माणका लागि जापानले रु. दुई अर्ब ६३ करोड बराबरको अनुदान उपलब्ध गराउने समझदारी पत्रमा हस्ताक्षर भइसकेको छ । कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघि नै ठेक्का लगाइसकेको जनाएको छ ।

कार्यालयले क्षतिग्रस्त सडकखण्डको स्थायी पुन:निर्माणका लागि दुई वर्षभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको योगेशीले बताउनुभयो । उहाँले भन्नुभयो, “निर्धारित समयमै काम सम्पन्न गर्नेगरी मङ्सिरको सुरुआतदेखि नै स्थायी पुन:निर्माण थालिएको हो ।” क्षतिग्रस्त खण्ड पुन:निर्माणका लागि सरकारले रु. आठ अर्ब ५० करोड स्रोत सहमति दिइसकेको छ । त्यसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई रु. सात अर्ब ५० करोड र सिन्धुलीको एक सडकखण्डलाई रु. एक अर्बको स्रोत सहमति दिइएको हो ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/०५४ बाट बिपी राजमार्ग (धुलिखेल–सिन्धुली–बर्दिवास १६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको विसं २०७२ असार १८ गते औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो ।

उक्त राजमार्ग केन्द्रीय राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ । *(रासस)*

# १२ औँ अन्तर्राष्ट्रिय फिजियोथेरापी सम्मेलन सम्पन्न

काठमाडौँ, ७ मङ्सिर । नेपाल फिजियोथेरापी सङ्घ (नेप्टा) द्वारा आयोजित १२ औँ अन्तर्राष्ट्रिय फिजियोथेरापी सम्मेलन २०२५ सम्पन्न भएको छ । यही नोभेम्बर २१ र २२ तारिख (मङ्सिर ५ र ६ गते) सम्म काठमाडौँमा दुईदिनसम्म आयोजित उक्त सम्मेलन नेपालमा आयोजित सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय फिजियोथेरापी कार्यक्रम रहेको आयोजकले जनाएको छ । सम्मेलनमा ४५० भन्दा बढी फिजियोथेरापिस्ट, पुन:स्थापना व्यवसायी, चिकित्सक तथा स्वास्थ्यकर्मीको सहभागिता थियो ।

सङ्घका अध्यक्ष समिद कतिला श्रेष्ठले सम्मेलनको मुख्य उद्देश्य नसर्ने रोगको रोकथाम, नियन्त्रण, जनचेतना र पुन:स्थापनामा विभिन्न स्वास्थ्यसम्बन्धी सरोकार भएकाहरूबिच समन्वय र सहकार्य गर्नु रहेको बताउनुभयो ।

उहाँले सम्मेलनमा स्ट्रोक तथा न्यूरोलोजिकल समस्या, कम्मर दुखाइ/अर्थोपेडिक समस्या, मुटुसम्बन्धी रोगहरू, क्यान्सर रोगीको पुन:स्थापनालगायत नसर्ने रोगहरूसम्बन्धी कार्यशाला, समूहगत छलफल र वैज्ञानिक प्रस्तुतीकरण गरिएको जानकारी गराउनुभयो ।

सम्मेलनमा नेपालका प्रतिनिधिहरूसँगै विभिन्न सात देशबाट अन्तर्राष्ट्रिय सहभागिता रहेको थियो । *(रासस)*

# अलैँचीको मूल्य बढ्दा भोजपुरका किसान उत्साहित

भोजपुर, ७ मङ्सिर । उत्पादित अलैँचीले मूल्य पाउन थालेपछि यहाँका किसान उत्साहित भएका छन् । यस वर्ष अलैँची प्रतिमन (४० किलोग्राम) रु. ९८ हजारसम्ममा कारोबार भइरहेको टेम्केमैयुङ–५ चोलन्तीका किसान चक्रबहादुर विष्टले जानकारी दिनुभयो ।

केही वर्षयता अलैँचीले निरन्तर उकालो मूल्य पाउँदै आएकाले किसान खेती विस्तारमा झन् सक्रिय बनेको उहाँको भनाइ छ । यस वर्ष आफूले करिब साढे सात मन अलैँची उत्पादन गरेको उहाँले बताउनुभयो । गाउँका कतिपय किसानले अझै मूल्य बढ्ने आशामा उत्पादन बिक्री नगरी घरमै भण्डारण गरेर राखेका छन् । “गाउँघरमै अहिले अलैँची रु. ९८ हजारसम्ममा कारोबार भइरहेको छ”, किसान विष्टले भन्नुभयो, “कतिपय किसानले बिक्री गरिसके, केहीले भाउ अझै बढ्ला कि भनेर राखेका छन् । बजारमूल्यको प्रतीक्षा गर्दै बसेको अवस्था पनि छ ।”

टेम्केमैयुङ–५ चोलन्ती अलैँचीको राम्रो उत्पादन हुने क्षेत्रका रूपमा परिचित छ । यहाँका करिब ८०–९० घर किसानले व्यावसायिक रूपमा अलैँची खेती गर्दै आएका छन् । विगतको वर्षका तुलनामा यो क्षेत्रमा अलैँचीको उत्पादनमासमेत वृद्धि भएको अलैँची व्यावसायी महासङ्घका अध्यक्ष राजेश विष्टले बताउनुभयो । मूल्य बढेसँगै किसान खेती विस्तारमा जुटेको उहाँले जानकारी दिनुभयो ।

“समग्र अलैँची उत्पादन केही घटे पनि यो क्षेत्रमा भने गत वर्षको तुलनामा उत्पादन बढेको देखिन्छ”, अध्यक्ष विष्टले भन्नुभयो, “रोगकीराको समस्या केही देखिए पनि किसानको उत्साह कम भएको छैन । मूल्य बढेकै कारण खेती विस्तार गर्नेतर्फ सबैजना लागेको अवस्था छ ।”

कृषि ज्ञान केन्द्रले जिल्लामा अहिले करिब पाँच सय ९७ हेक्टर क्षेत्रमा अलैँचीखेती भइरहेको जनाएको छ । यहाँ प्राय: रामशाही, गोलशाही, डम्बरशाही र जिर्मले जातका अलैँचीको खेती हुने गरेको केन्द्रले जनाएको छ । जिल्लाको चोलन्ती, दोभाने, कुदाकाउले, साम्पाङ्ग, अन्नपूर्ण, चम्पे, खावा, छिनामखु, किमालुङ, वासिङथर्पु, तिम्मा, हेलौछा, गुप्तेश्वरलगायत स्थानमा अलैँचीखेती बढी हुने गरेको छ । यी क्षेत्रका किसानले उत्पादन, भण्डारण तथा बजार व्यवस्थापनमा अनुभव बटुलेका कारण अलैँची प्रमुख नगदेबालीका रूपमा स्थापित हुँदै गएको छ ।

अलैँचीले राम्रो मूल्य पाएका कारण गाउँघरमा आर्थिक गतिविधि पनि बढेको छ । परिवारको खर्च, स्वास्थ्योपचार, छोराछोरीको पढाइ तथा अन्य आवश्यकता पूरा गर्न अलैँची मुख्य आधार बनेको स्थानीय किसानहरू बताउँछन् । मूल्य बढे पनि अलैँचीखेतीमा रोगकीरा, हावापानीको अनियमितता, बजार मूल्यमा हुने उतारचढावलगायतका समस्या भने कायम रहेको किसानको गुनासो छ । कृषि ज्ञान केन्द्रका अनुसार रोग रोकथाम, प्रविधिमैत्री खेती, गुणस्तर सुधार र किसानको क्षमतावृद्धिका लागि तालिम तथा सचेतनामूलक कार्यक्रम निरन्तर सञ्चालन भइरहेका छन् । *(रासस)*

। सम्पादकीय ।

# कम्युनिस्ट पार्टीको उद्देश्य आमूल परिवर्तन

कम्युनिस्ट पार्टीको उद्देश्य आमूल परिवर्तन हो। आमूल परिवर्तनको निम्ति समाजवादी क्रान्ति गर्नुपर्छ। समाजवादी क्रान्ति गर्न देशको भित्री र बाहिरी परिस्थिति अनुकूल हुनुपर्छ। देशको भित्री परिस्थिति भन्नाले बहुमत जनता सचेत र सङ्गठित हुनुपर्छ। सरकारले बहुमत जनताको हक हितमा काम गर्न नसक्दा, सत्तासीन दलका नेताहरू एक आपसमा पदको निम्ति लाग्दा सरकारप्रति जनताको असन्तोष स्वाभाविक रूपमा बढ्छ र जनता आन्दोलित हुन्छन्। देशको परिस्थिति अनुकूल भए पनि अन्तर्राष्ट्रिय परिस्थिति मिल्नुपर्छ। क्रान्तिको निम्ति बाह्य परिस्थिति मिलेन भने क्रान्ति अधुरो, अपुरो र असफल हुन्छ। क्रान्ति कसैले चाहना राख्दैमा, हतार हुँदैमा आउने होइन। क्रान्ति आफूखुसी आउँदैन। क्रान्तिको निम्ति पूर्वाधार तयार गर्ने काम कम्युनिस्ट पार्टीले गर्छ। यसको निम्ति कम्युनिस्ट पार्टी अघि बढिरहनुपर्छ। कम्युनिस्ट पार्टी सरकारमा गएर परिवर्तन हुने होइन। सरकारको निम्ति तँछाडमछाड गरेर, धेरैपटक सरकारमा गएर परिवर्तन हुने होइन। परिवर्तनको अर्थ सरकारको नेतृत्व हेरफेर गर्नु मात्र होइन।

शासक दलका नेताहरू पैसा, जातजाति, भाषा, धर्म एवम् बलको भरमा निर्वाचन जित्छन्। सिद्धान्त र विचारको राजनीति नगरी पद र पैसाको आधारमा राजनीति गर्ने दलका नेताहरूले परिवर्तन गर्दैनन्; गर्न चाहँदैनन्। शासक दलहरू जित्नका निम्ति निर्वाचनमा सक्रिय हुने तर जितेपछि कम्युनिस्टको सिद्धान्त र विचारलाई पाखा लगाएर अघि बढ्यो भने कसरी परिवर्तन हुन्छ ? निश्चय नै समाजमा राम्रा, इमानदार र इज्जतदार नेता तथा कार्यकर्ताहरू हुन्छन्। हुन पनि निःस्वार्थ रूपले जनताको सेवा गर्ने, कामदारवर्गको दीर्घकालीन हितको निम्ति काम गर्ने समर्पित नेता कार्यकर्ताहरूको खाँचो हुन्छ। तर, समाजमा सबै इमानदार र इज्जतदार हुँदैनन्। समाजमा रहेका प्रतिक्रियावादी र जालीफटाहाहरू कहिले पनि राम्रो कार्यमा लाग्दैनन्; सच्चा बाटो कोर्दैनन्। चिनियाँ जनताका नेता माओ त्सेतुङ भन्नुहुन्थ्यो, "कार्यकर्ताहरू अथक हुनुपर्छ; थाक्नुहुन्न; निःस्वार्थ रूपले देश र जनताको सेवा गर्नुपर्छ।" हामीले थाहा पाउनुपर्छ, कुनै दलको नेतृत्वमा सरकार जाँदैमा विकास हुने होइन; बहुमत जनताले राहत पाउने होइन। सरकारको नेतृत्व गर्ने दलले सामन्त, पुँजीपति, जालीफटाहाको सेवा गर्छ भने बहुमत जनताको सेवा कसरी हुन्छ ? अतः कुनै नेता धेरैपटक प्रधानमन्त्री, मन्त्री हुँदैमा जनताले सुख पाउने होइन।

सामन्त र पुँजीपतिवर्गले बहुमत जनताको पक्षमा काम गर्दैन भन्ने कुरा देशका सच्चा कम्युनिस्टहरूले बुझ्नुपर्छ। कम्युनिस्ट भएर बहुमत जनताको सेवा गर्नुजस्तो ठुलो सेवा र महान् कार्य अरु के हुनसक्छ ? कम्युनिस्ट पार्टीले गर्नुपर्ने त्यस्तै सेवा हो। ढिलो चाँडो परिवर्तन अवश्यम्भावी छ। तर, परिवर्तन छिटो भएन भनेर राजनीतिबाट अलगिने या पछि हट्ने कुरा होइन। परिवर्तनको निम्ति लाग्दा सङ्घर्षको बाटोमा अनेक बाधा अड्चन आउन सकिन्छ। आइपर्ने बाधा अड्चन पन्छाउँदै अघि बढ्नुपर्छ। त्यसबेला जाली मुद्दामा फसाउने, पक्राउ गर्ने, जेलमा थुन्ने र शारीरिक तथा मानसिक यातना दिइएको हुन्छ। सिद्धान्त र विचारको निम्ति राजनीति गर्ने दल र दलका नेताहरूमा हुनसक्ने हरेक चुनौतीको सामना गर्दै अघि बढ्ने अठोट र दृढता आवश्यक हुन्छ। नेपाल मजदुर किसान पार्टी समाजमा आमूल परिवर्तन गर्ने उद्देश्यले स्थापित नेपालको एक राजनीतिक दल हो। व्यापक जनतालाई शिक्षित र सङ्गठित नगरी चुनावमा विजयी भएको पार्टी र सरकारले मात्रै समाजको आमूल परिवर्तन गर्नसक्दैन। शिक्षित र सङ्गठित गर्ने काम ५/१० मा सकिने पनि होइन।

कति शासक दलका नेताहरू पैसा खर्च गरेर, ठेकेदार, तस्कर, घर जग्गाका दलाल, कालाबजारिया, शोषक, गुण्डा र करचोरहरूको समर्थन र सहयोगमा चुनावमा जित्छन् र चुनावताका देशलाई 'स्वर्ग' बनाइदिने उद्घोष गर्छन्; जनतालाई झुक्याउँदै निर्वाचनमा जित्छन्। तर, जितेपछि आफ्ना वाचा र प्रतिबद्धता भुल्छन्। सिद्धान्त र विचार थाती राख्छन्। दुई चारवटा जिल्ला, नगर र गाउँका जनता सङ्गठित भएर आमूल परिवर्तन हुने होइन। गाउँ-गाउँ र बस्ती-बस्तीका कामदार जनतालाई पुँजीवाद र समाजवादको भेदबारे सुसूचित पार्नुपर्छ। समाजवादको सैद्धान्तिक ज्ञान, समाजवादमा हुने परिस्थितिबारे र विभिन्न देशका समाजवादी क्रान्तिबारे शिक्षित गर्नु आवश्यक छ। नेमकिपा पुँजीवादी विचार र व्यवस्थाको विरोधमा कामदारवर्गको शासन व्यवस्था स्थापनार्थ सङ्घर्षरत दल हो; नेमकिपा मार्क्सवादी-लेनिनवादी विचार बोकेको राजनीतिक दल हो। यो राजनीतिक दर्शनमा आधारित आदर्श समाज तथा शोषणरहित समाज स्थापनाको निम्ति अघि बढेको दल हो।

# अफ्रिकाको 'अफगानिस्तान' बन्ने मार्गमा सुडान

✍ हुसेन हक्कानी

लामो द्वन्द्वका कारण सन् १९९० को दशकमा अफगानिस्तान विश्वव्यापी जिहादको केन्द्र बन्न पुग्यो। सुडान अहिले त्यस्तै खालको दीर्घकालीन अराजकतातर्फ जाँदै छ, जसप्रति अन्तर्राष्ट्रिय समुदायले ध्यान दिन आवश्यक छ। सुडानको राजधानी खार्तुम अहिले जनरल अब्देल फताह अल-बुरहान नेतृत्वको सुडानी राष्ट्रिय सेनाको नियन्त्रणमा छ। तर, देशको पश्चिमी भागमा भने जनरल मोहम्मद हमदान डागालो, 'हेमेदती' नेतृत्वको प्रतिद्वन्द्वी 'र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ)को कब्जा छ। आरएसएफले गत महिना उत्तरी डार्फरको राजधानी सहर अल-फसेरमाथि पुनः नियन्त्रण गरेको छ। त्यसपछि आरएसएफले त्यहाँ व्यापक नरसंहार मच्चाएको समाचार विश्वभरका मिडियामा आएका थिए।

युद्धविराम र अन्तर्राष्ट्रिय समर्थन रहने सर्वपक्षीय सरकारका लागि वार्ता सुरू नहुने हो भने सुडान लामो समयसम्म द्वन्द्वमा फस्ने दिशामा अघि बढिरहेको छ। द्वन्द्वरत दुई पक्षलाई सघाउने समूहको सङ्ख्या दिनप्रतिदिन बढ्दै छ। यसले पूरै समाज ध्रुवीकृत भइरहेको छ। जस्तो, जनरल अल-बुरहानलाई मुस्लिम ब्रदरहुडसँग आबद्ध इस्लामिक लडाकुले समर्थन जनाइरहेका छन् भने हेमेदतीले देशका आदिवासी सहयोगी, इस्लामविरोधी मिलिसिया र बाह्य समर्थन पाइरहेका छन्।

यस्तै अवस्था सन् १९८९ मा सोभियत सङ्घको फिर्तीपछि अफगानिस्तानमा देखिएको थियो। त्यतिबेला पनि बाँकी विश्वले त्यहाँको स्थितिलाई अहिले सुडानलाई गरेजस्तै बेवास्ता गरेको थियो। परिणामस्वरूप तालिबानको उदय भयो। तिनले अलकायदाजस्ता धेरै अतिवादी समूहलाई आश्रय दिए। सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकामाथि भएको आक्रमणको योजनादेखि सबै तयारी त्यहीँ भएको मानिन्छ। लामो युद्धपछि, अलकायदा र यसको थप हिंस्रक रूप इस्लामिक स्टेट (आइएस) अहिलेका लागि कमजोर बनेका छन्। तर, मुस्लिम विश्वमा चरमपन्थी शक्तिहरूले विगतमा आफूलाई विभिन्न क्षेत्रमा विभिन्न रूपमा पुनरूत्थान गरेको इतिहास छ।

वैश्विक बेवास्ताले सुडान अर्को नयाँ जिहादी उत्थानको उर्वर भूमि बन्न सक्छ। यस्तो छुट दिनु गम्भीर रणनीतिक भूल हुनेछ। अलकायदा आबद्ध समूह यसअघि नै नजिकैको मालीमा झन्डै देशै कब्जा गर्ने स्थितिमा पुगेको छ। धेरैले बिर्सिएका होलान्, तर अफगानिस्तानमा आश्रय पाउनुअघि अलकायदा सन् १९९० को दशकको सुरूमा सुडानमा स्थापित हुने प्रयास गरेको थियो।

वर्षौंको राजनीतिक अस्थिरता,



कुशासन र सैन्य प्रतिस्पर्धा आजको सुडानी राष्ट्रिय सेना र आरएसएफबिचको वर्तमान द्वन्द्वका लागि जिम्मेवार छन्। त्यसको मूल जरा सन् १९८९ को सैन्य विद्रोहसँग जोडिन्छ। मुस्लिम ब्रदरहुडका विचारक हसन अल-तुराबी त्यस कुका मास्टरमाइन्ड थिए। कुले जनरल ओमर हसन अल-बसिरलाई सत्तामा ल्यायो। तुराबी आन्तरिक शक्ति सङ्घर्षमा उनै जनरल अल-बसिरबाट पन्छाइए। सन् २०१९ को जनविरोधले अल-बसिरको ३० वर्षे शासनमा पूर्णविराम लगायो।

इस्लामिक कट्टरपन्थी सुडानको द्वन्द्वमा एक महत्त्वपूर्ण हिस्सा रहेका छन्। राजधानी खार्तुम कब्जा गरिबसेको आरएसएफ फौजलाई हराउन राष्ट्रिय सेनाले जनरल अल-बसिरको शासनकालका हजारौँ पूर्वगुप्तचर अधिकारीको समर्थन खोजेको थियो। यसलाई जनरल अल-बसिरले वैचारिक नेता तुराबीसँग बनाएको गठबन्धनसँग तुलना गर्न सकिन्छ। दशकौँअघि एकजना महत्त्वाकाङ्क्षी जनरलको इस्लामिक समूहसँगको गठबन्धनका कारण सुडानले ठुलो मूल्य चुकाएको थियो। त्यो स्थिति दोहोरिने जोखिम बढ्दै छ। सुडानी राष्ट्रिय सेना र इस्लामिक समूहबिचको साझेदारीले देश उत्तर अफ्रिका र लाल सागर जोड्ने मार्गबिचमा अतिवादीलाई सुरक्षित आश्रय दिन सक्छ। उसो त द्वन्द्वरत आरएएफ र राष्ट्रिय सेना दुवैलाई अन्धाधुन्ध आक्रमण, नागरिक दमन, मानवीय सहायता वितरण प्रभावित बनाएको र मानवअधिकार उल्लङ्घनको आरोप लागिरहेको छ। खार्तुम आरएसएफबाट फिर्ता लिएपछि जनरल बुरहान थप सैन्य आक्रमणका लागि हौसिएका छन्। उनको संरक्षणमा रहेको सरकारले संयुक्त अरब इमिरेट्स (यूएई) ले लाई आफ्नो प्रतिद्वन्द्वी शक्तिलाई समर्थन गरेको आरोप लगाएको छ। तर, यो आरोप खासमा बुरहानको इस्लामवादी समूहसँगको गठबन्धनबाट ध्यान अन्यत्र मोड्ने प्रयास मात्र हो।

अहिलेको स्थिति हेर्ने हो भने दुई वर्षदेखि चलिरहेको सुडान गृहयुद्ध सैन्य माध्यमबाट मात्र समाप्त हुने देखिँदैन। सुडान जातीय र भौगोलिक रूपमा विशाल तथा विविधतायुक्त देश हो र यी दुई शक्तिशाली समूहले देशका विभिन्न भागको नियन्त्रणका लागि लड्दा यो गृहयुद्ध वर्षौं लम्बिन सक्छ। लामो गृहयुद्धले सुडानलाई अर्को यमन बनाउन सक्छ, जहाँ अन्तर्राष्ट्रिय व्यवस्था नमान्ने अतिवादी समूहको प्रभुत्व छ। यो अर्को लिबिया पनि हुनसक्छ, जहाँ दुई अलग सरकारले अलग क्षेत्रमा शासन गरिरहेका छन् वा अफगानिस्तानमा तालिबानको उदयजस्तै अनपेक्षित परिणाम निम्तिन पनि सक्छ। सुडानको थप पतन वा विघटनले नजिकका इथियोपिया, चाड, दक्षिण सुडान र समग्र हर्न अफ अफ्रिकामै असर पर्नेछ। बिस्तारै सम्पूर्ण अफ्रिका र मध्यपूर्व यस द्वन्द्वको चपेटामा आउनेछन्।

संयुक्त राष्ट्र, संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घ, साथै अरब र अफ्रिकी राष्ट्रले त्यो विपत्ति रोक्न मद्दत गर्न आवश्यक छ। सुडानलाई पूर्ण असफल राज्य हुन नदिन अन्तर्राष्ट्रिय समुदायले तत्काल युद्धविरामको आह्वान गर्नुपर्छ। त्यसपछि खार्तुममा सर्वपक्षीय सरकार गठनका लागि वार्ता हुनुपर्छ। द्वन्द्वको निरन्तरताले अतिवादी समूहलाई खेल्ने ठाउँ सिर्जना गर्छ। जसबाट सबैलाई घाटा मात्र हुनेछ।

***(अमेरिकाका लागि पाकिस्तानका पूर्वराजदूत हक्कानी वासिङटन डिसीस्थित हड्सन इन्स्टिच्युटका सिनियर फेलो हुन्।)***

**नेसनल इन्ट्रेस्टबाट**

# विद्यार्थीका लागि बोझ बन्दै सिकाइ

✍ इकुश्रे

हाम्रो शैक्षिक क्षेत्रमा अहिले उठिरहेको सबैभन्दा गम्भीर प्रश्न हो, "पढाइमा विद्यार्थीको रूचि किन छैन ?" यस प्रश्नको उत्तर खोज्दा हामी प्रायः विद्यालयलाई मात्र दोष लगाउँछौँ, तर विस्तृत अध्ययनले देखाउँछ - बालबालिकाको सिकाइमा अरूचि हुनु कुनै एक पक्षको गल्ती होइन - यो घर/समाज, प्रविधि, संस्कार र युवा पुस्ताको रूचिको त्रिकोणात्मक असन्तुलनको जटिल परिणाम हो।

सबैभन्दा पहिले कुरा आउँछ - बालकको घरायसी वातावरणको। अहिलेका अभिभावकहरू आफ्नो व्यस्त काम, आर्थिक दबाब र सामाजिक प्रतिस्पर्धाको कारण बच्चालाई, 'मोबाइल' लाई विकल्प शिक्षकजस्तै बनाएर दिन्छन्। रोएको छ भने मोबाइल दिने, खान मान्दैन - युट्युब खोलिदिने, चकचक गर्छ, गेम खेलाएर देखाइदिने गर्दा, अभिभावकलाई त तत्काल राहत दिन्छन् तर बालकको मानसिक विकासका लागि त्यसले विशाल क्षति गर्छ। मनोविज्ञान भन्छ–१२ वर्षभन्दा तलको बच्चाको मस्तिष्क निरन्तर परिवर्तनशील र संवेदनशील हुन्छ। स्क्रिनको अत्यधिक उत्तेजनाले उसको ध्यान-केन्द्रित क्षमता गम्भीर रूपमा घटाउँछ, जसले गर्दा कक्षामा बस्नै कठिन हुन्छ। यसरी, सिकाइको पहिलो आधार-ध्यान-घरमै खण्डित हुन पुग्छ।

बच्चाको दिमागमा बसाइएको अर्को खतरनाक धारणा हो - 'नपढे पनि पास त भइहालिन्छ नि !' नेपालको पछिल्ला वर्षहरूमा लागू भएको 'उदार उत्तरपुस्तिका परीक्षण' नीति, ग्रेस मार्क, अभिभावकको दबाब, विद्यालयमा राम्रो नतिजा देखाउनुपर्ने प्रतिस्पर्धा - यी सबैले विद्यार्थीमा 'प्रयास नगरे पनि परिणाम आउँछ' भन्ने निष्क्रिय मानसिकता बनाइदिएका छन्। प्रयासविहीन सहजता र उपलब्धि सबैलाई मज्जा लाग्छ र जब पढाइ 'चुनौती' नभई 'सजिलो' बन्न थाल्छ तब सिकाइको गहिराइ पूर्णरूपमा हराउँछ। विडम्बना ! कतिपय समाजले पढेर पास हुने मेहनती विद्यार्थीलाई भन्दा नपढी पास हुने विद्यार्थीको दैनिकी सुन्न/जान्न रुचाउँछन्।

यतिबेला बालबालिकामा बढ्दै गएको अर्को प्रवृत्ति हो - कसैलाई नमान्ने प्रवृत्ति। हिजोका अभिभावक र आजका अभिभावकबिचको एक ठुलो अन्तर - अघिल्लाहरूले शिक्षकको कठोरतामा पनि अर्थ हेर्थे, आजका धेरैजसोले शिक्षकको सामान्य टिप्पणीलाई पनि 'अनावश्यक कठोरता' ठान्छन्। फलस्वरूप, बच्चामा 'मलाई कसैले केही गर्न सक्दैन' भन्ने मानसिकता विकसित हुन थाल्छ। सिक्न उत्साहित गर्ने डर, अनुशासन र परिणाम - यी सिकाइका प्राथमिक शर्त हुन्। तर, जहाँ बालक न शिक्षकदेखि डराउँछ न अभिभावकले भनेको मान्छ, न गल्ती बोध गर्छ न दण्डको परिणाम बुझ्छ - त्यहाँ सिकाइ कसरी सम्भव हुन्छ ?

त्यसको अर्को पक्ष घरायसी जीवनसँग सम्बन्धित छ। अहिलेका धेरै परिवारहरूले बच्चालाई आफ्नो कठिन जीवनको सन्तुलनका रूपमा राखेर अत्यधिक माया र सुविधा दिन्छन्। 'काम नगरोस्', 'कसैको दबाबमा नपरोस्', 'कुनै पनि कुरामा दुःख नपाओस्', 'आफूले जति कष्ट पाए पनि उसलाई त्यस्तो नहोस्' भन्ने अति-संरक्षणाले बच्चालाई जिम्मेवारीविहीन बनाउँछ। कुनै पनि कार्यमा सफलता पाउन परिश्रम गर्नुपर्छ, केही दुःख पाउनुपर्छ, धैर्य चाहिन्छ। यी सबै कुरा सानैदेखि, जीवनका साना-साना जिम्मेवारीहरूबाट सिकिने हो। तर, बच्चाले न थाली उठाउँछ न कोठा बढार्छ न कपडा धुन्छ न कुनै पारिवारिक काममा सहभागी हुन्छ। उसलाई पढ्नुको निहुँ छ। 'खेल्नुको काम' छ। त्यस्तो बच्चाले कक्षाकोठामा ४०/४५ मिनेट शान्त भएर बस्न र शिक्षकको निर्देशन पालना गर्नभन्दा अटेरी बन्न र 'मनलाग्दो' व्यवहार गर्न नै सहज मान्छ।

अर्को रोचक यथार्थ - अभिभावकले बच्चालाई 'असिम प्यार' दिने क्रममा मागेजति पैसा दिन्छन्। उसले रोजेको मोबाइल/कपडा/विलासी सामान किनिदिन्छन्। पास भइस् भने म यो थोक किनिदिन्छु भन्छन्। अनि सोच्छन्, "मेरा छोराछोरी खुसी छन्।" तर, खुसी र बिग्रिएको आत्मअनुशासनबिचको सिमाना धेरै पातलो हुन्छ। बच्चाले जब केही प्रयासै नगरी सबै कुरा सहज पाउँछ, त्यसपछि उसले कक्षामा २-३ पृष्ठ पढ्नुपर्ने पाठलाई

***बाँकी पृष्ठ ८ मा***

# जारशाही संसद्मा बोल्शेभिक सांसद – २०


● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*




अप्रिल २३ को बिहानपख कारखानाको पालेले स्त्रोङ्गिनको लास भेटायो । लगत्तै यो खबर कारखानाभरि फैलियो । सबै मजदुरहरू आ-आफ्नो काम छोडेर लास भए ठाउँ जम्मा भए । कारखाना प्रशासनले तत्काल घटनाको छानबिन गर्नुपर्छ भनेर माग राखे । छानबिन गर्नुको सट्टा प्रशासनले प्रहरी पठायो । प्रहरीकै अगाडि स्त्रोङ्गिनको लुगाको खानतलासी लिइयो । उनको खल्तीमा एउटा पत्र भेटियो । पत्र पढेपछि म्यानेजरले त्यसलाई लुकाउन खोज्यो । मजदुरहरूले आपत्ति जनाए र त्यो पत्र सबैका अगाडि तुरुन्तै पढ्न भने । पत्रमा कारखानाका सहकर्मीहरूलाई सम्बोधन गरिएको थियो । पत्र यस्तो थियो :


"कामरेड, तपाईंहरूलाई लेखौँ कि नलेखौँ । तर, एक मनले लेख्नुपर्छ भन्छ ।... फोरमेनलाई मलाई चोरको आक्षेप लगायो । यो जुनी यही टुङ्ग्याउनुपर्‍यो । बिदा लिनुअघि तपाईंहरूलाई एउटै कुरा भन्छु । कामरेड, म निर्दोष छु । मेरो चेतना, मेरो मन, मेरो मजदुरे इमानदारीले यही भन्छ । तर, यो साबित गर्न मसँग कुनै सबुत छैन । फोरमेनले भिराएको चोरको बिल्ला टाँसेर म यो कारखानाबाहिर निस्किन सक्दिनँ । त्यसैले मैले यही जीवन टुङ्ग्याउने निधो गरेँ ।... अलबिदा प्यारा कामरेडहरू । सम्झिराख्नुहोला - म निर्दोष छु । याकोभ स्त्रोङ्गिन ।"

प्रशासनले टोकसोले मर्न लागेको एक कामरेडले लेखेको कुराले त्यहाँ जम्मा भएका मजदुर जमातको मन पोल्यो । केही मिनेट उनीहरू निःशब्द उभिए । त्यसपछि एउटा स्वर सुनियो, "टोपी खोलौँ कामरेडहरू ।" यसपछि क्रान्तिकारी अन्त्येष्टिका लागि मजदुर लस्कर समूहगान गाउँदै अघि बढ्यो । यत्तिकैमा स्त्रोङ्गिनको हत्यारा फोरमेन देखापर्‍यो । मजदुरहरू चिच्याए - 'सैतान', 'विश्वासघाती', 'जल्लाद', 'नर्क गएस् र कहिल्यै कारखानामा नदेखिएस्' आदि । सबै मजदुरले शवलाई चिहानसम्म लगे ।

भोलिपल्ट बिहान काममा जाँदा उनीहरूले स्त्रोङ्गिनको मृत्युको लागि जिम्मेवार व्यक्तिलाई कारखानामै देखे । म्यानेजरले फोरमेनलाई व्यवस्थापन समितिले बर्खास्त गर्न नमानेको बतायो । यसपछि मजदुरहरूले एकाएक फोरमेनलाई कारखानाबाट निकाला नगरुन्जेल हडताल गर्ने घोषणा गरे । कारखाना बन्द भयो । 'नयाँ लेसनर' कारखानामा काम गर्ने सबै मजदुर माग पूरा नहुँदासम्म काममा नजाने अठोटसाथ घर-घर फर्के ।

स्त्रोङ्गिनको अन्त्येष्टिमा ठुलो जुलुस निस्कियो । यस्तो बेला प्रहरी र मालिकहरूले जे गर्दै आएका थिए त्यही गरे । उनीहरूले मलामीको सङ्ख्या घटाउन भएभरको बल लगाए । अन्त्येष्टिको दिन र समयलाई भरसक अति गोप्य राखिएको थियो । तर, अन्त्येष्टि हुनुभन्दा एक दिनअघि नै 'प्राभ्दा' का सम्पादकहरू त्यो सूचना फुत्काइहाले । भोलिपल्ट हामीले त्यसबारे अघिल्लो पानामै खबर छाप्यौँ । तर, काम सुरु हुनुभन्दा अगाडि हाम्रो पत्रिका मजदुरहरूकहाँ पुग्न सकेन । सीमित मजदुरले मात्र अन्त्येष्टि बिहान ९ बजे सुरु हुने खबर पाए । तैपनि चिहानघाटमा १ हजारभन्दा बढी मजदुर भेला भएका थिए । 'नयाँ लेसनर' कारखानाका सबै मजदुर त्यहाँ दलबलसहित पुगेका थिए । अन्य कारखानाका प्रतिनिधिहरू पनि उपस्थित थिए । हतारहतार फूलमाला ल्याइयो । लेखोट छाप्नका लागि समय थिएन । चकले कालो रिबनमा र कोइलाले सेतो रिबनमा मृत्यु लेख लेखियो । त्यो लेखोट क्रान्तिकारी प्रकृतिको थियो । त्यसैले प्रहरीले तीमध्ये केही रिबन च्यातचुत पार्‍यो । स्त्रोङ्गिनको शवसँगै हजारौँ मलामीको हुल चर्चको द्वारसम्म पुग्यो । यत्तिकैमा घोडचढी प्रहरीले अन्त्येष्टि प्रक्रियालाई बिचमै रोक्यो । उसले शवपेटिका र मृतकका केही नातेदारलाई मात्र भित्र पस्न दियो ।

संसदीय समूहको प्रतिनिधिको रूपमा मालिनोभ्स्की र मैले भित्र पस्ने बन्दोबस्त मिलाएका थियौँ । तर, कारखाना प्रशासनसँग मिलेर प्रहरीले हामीलाई बाहिरै राख्ने खेल खेले । कारखाना प्रशासनले हामीसँग शवलाई मित्रोफान्येभ्स्कोए चिहानमा लगेको भन्यो । यो सूचना गलत हो भन्ने थाहा पाएपछि हामीले पुनः कारखानामा फोन गर्‍यौँ । फेरि पनि हामीलाई गलत सूचना दिइयो । गलत दिशामा घण्टौँसम्म भौतारिएपछि हामी अन्ततः प्रियोब्राजेन्स्कोए चिहानघर पुग्यौँ । हामी पुग्दासम्म प्रहरीले भीडलाई तितरबितर पारिसकेको रहेछ । हामीले शवपेटिकालाई जमिनमुनि गाडिसकिएको थाहा पायौँ । यसरी ठगिएका धेरै मजदुरले पछि हामीलाई लेसनरका मजदुरहरूप्रति समवेदना प्रकट गर्दै 'प्राभ्दा' लाई पत्र लेखे ।



मजदुरहरूले सुरु गरेको हडतालको विरोधमा कारखाना प्रशासनले सबै बुढाखाडा मजदुरहरूलाई कामबाट निकाला गर्‍यो । यति नै बेला पुँजीवादी पत्रपत्रिकाले कारखानामा नयाँ मान्छे राख्नका लागि आवेदन दिन विज्ञापन छापे । तर, हडतालीहरू दृढतापूर्वक उभिए । हडताल तोड्ने प्रपञ्च खेर गयो । मजदुरहरू एकढिक्का थिए । अरू मजदुरको सहायताबेगर सङ्घर्षलाई लम्ब्याउन नसक्ने देखेपछि हडतालीहरूले सेन्ट पिटर्सबर्गका सम्पूर्ण मजदुरहरूसँग सहयोग मागे; सङ्घर्षमा हातेमालो गर्न भने ।

लगत्तै अर्को लेसनर कारखाना 'पुरानो लेसनर' का मजदुरहरूले हडताली कामरेडहरूतर्फ सहयोगी हात बढाए । अब दुवै लेसनर कारखाना एकढिक्का भएर उभियो । कारखाना प्रशासनका अगाडि कुनै बहानाबाजी बाँकी रहेन । 'नयाँ लेसनर' का लागि 'पुरानो लेसनर' बाट नयाँ मजदुर भर्ती गर्ने अवस्था नै रहेन । उसले आफूले लिइसकेको मालसामान उत्पादन गर्ने ठेक्का पूरा गर्न नसक्ने भयो । लिएको ठेक्का पूरा नगर्दा दण्डको भागिदार हुनुपर्थ्यो । ठुलो नोक्सानी हुने देखेर मालिकहरू असाध्यै आत्तिए ।

कारखाना प्रशासनले आफूले लिएको ठेक्का (अर्डर) पूरा गर्न अन्य कारखानाको मद्दत लियो । उसले लुगाका बुट्टा, पूरा नभएका सामान र चित्र ती कारखानामा पठायो । प्रशासनले यो कुरा लुकाउन धेरै मिहिनेत गरेको थियो । तर, हडतालीहरू सुइँको पाइहाले । उनीहरूले सेन्ट पिटर्सबर्गका सम्पूर्ण धातु मजदुरहरूलाई यस्तो थपुवा काम बहिष्कार गर्न आह्वान गरे । सोही बमोजिम मजदुरहरूले सर्वसम्मत्तिले काम बहिष्कार गरे । लेसनर कारखानाको काम अन्य कारखानामा हुनै सकेन ।

थपुवा काम गर्न सबै मजदुरले अस्वीकार गरेको देख्दा, अन्य कारखानाबाट ऐक्यबद्धताका खबर पाएर हडतालीहरू उत्साहित भए । विजय हुने आशा बढेर गयो । हडताली कोषमा यति धेरै र नियमित रकम यसअघि कहिल्यै जम्मा भएको थिएन । धेरै स्थानमा त पटकपटक चन्दा सङ्कलन गरियो । मजदुरहरूले नियमित रूपमा आफ्नो ज्यालाका निश्चित प्रतिशत हडताली कोषमा दाखिला गरे । एउटा कारखानामा त ओभर टाइमबाट कमाइ हुने आधा रकम हडताली कोषमा जम्मा गर्ने सर्तमा काम गर्न भनियो । त्यो कारखानाका विवाहित मजदुरले लेसनर कारखानाका सकसमा परेका मजदुरका छोराछोरीलाई केही समय खाना खुवाइदिने प्रस्ताव राखे ।

सङ्घर्षको क्रममा करिब १८ हजार रुबल (रुसी रूपैयाँ) जम्मा भयो । हडतालको क्रममा जम्मा भएको यो अहिलेसम्मकै ठुलो रकम थियो । यो रकम पहिले हाम्रो संसदीय समूहलाई दिइयो । हामीले त्यसलाई हडतालले आहत मजदुरहरूबिच बाँडिदियौँ । यो हडताल रुसभरि प्रसिद्ध भयो । रुसका कुनाकाप्चाबाट मजदुरहरूले चन्दा पठाउन थाले । पूर्वी साइबेरिया जस्तो सुदूर इलाकाबाट पनि मजदुरले सहयोग पठाए । कोषको व्यवस्थापक म थिएँ । मकहाँ आउने चन्दाको एक-एक विवरण हामीले 'प्राभ्दा' पत्रिकामा छाप्यौँ । कति रकम कसले कहाँबाट पठायो भन्ने कुरा सबै पत्रिकामा छापिन्थ्यो ।

लेसनर कारखानाको सङ्घर्ष सन् १९१३ को मजदुर वर्गीय आन्दोलनको सबैभन्दा उल्लेखनीय घटना थियो । पार्टीले यसमा निकै चासो लियो । पार्टीले हर तवरले हडतालीहरूलाई सघायो । देशका धेरैभन्दा धेरै मजदुरकहाँ हडतालको खबर पुर्‍यायो । 'प्राभ्दा' ले सङ्घर्षको खबर दिनदिनै छाप्यो । अन्य मजदुरलाई सम्बोधन गरिने हडतालीहरूका पर्चा, टिपोट र चिठीपत्र समेत 'प्राभ्दा' मै छापिन्थ्यो ।

गर्मी यामभरि हडताल भइरह्यो । जून महिनाको सुरुतिर प्रहरीले हडताली नेताहरूलाई पक्राउ गर्न थाल्यो । यसरी उनीहरू मजदुरहरूको प्रतिरोधलाई भत्काउन चाहे । यसरी पक्राउ पर्ने मजदुर अगुवाहरूलाई प्रायः सेन्ट पिटर्सबर्गबाहिर पठाइन्थ्यो । उनीहरूलाई सरकारले तोकेका ५२ विशेष बस्तीहरूमा प्रवेश गर्न मनाही थियो । कारखाना प्रशासनले मजदुरहरूलाई निजी पत्र लेख्थ्यो र तिनलाई 'पुरानै सर्तमा' काममा फर्कन निम्तो दिन्थ्यो । तैपनि, मजदुरहरू सङ्घर्षमा डटिरहे ।


अन्त्यमा ६८ दिनपछि 'पुरानो लेसनर' का मजदुरहरू काममा फर्के । 'नयाँ लेसनर' मा थप दुई हप्ता (अगस्त १) सम्म हडताल चलिरह्यो । यसरी मजदुरहरू पूरै १०२ दिन हडतालमा रहे । पराजयमा टुङ्गिएको भए पनि यो हडताल मजदुर आन्दोलनको इतिहासमा निकै महत्त्वपूर्ण रह्यो । यसले मजदुरवर्गको नयाँ जमातलाई सङ्घर्षमा तान्यो । यसले सर्वहारा जनताबिच सङ्गठन र एकताको शक्ति कति हुँदो रहेछ भनेर व्यवहारमै देखाइदियो ।

लेसनरका मजदुरहरू हडतालमा छँदै नयाँ हडताल पनि सुरु हुँदै थिए । तिनलाई पनि हडताली कोषबाट सहयोग पुग्दै थियो । गर्मी याममा सामान्यतया आन्दोलनका गतिविधि बढ्थे । गर्मी याममा कारखानामा चोटा बैठक डाक्न अलि सजिलो हुन्थ्यो । गैरकानुनी बैठकको चाँजो मिलाउन सजिलो हुन्थ्यो । यस्ता बैठक प्रायः सहर आसपास वनजङ्गलमा डाकिन्थ्यो । यस्ता बैठकको गोप्यता रहन्थ्यो । हिउँदमा यसरी बैठक बस्न गाह्रो हुन्थ्यो ।

आन्दोलन उर्लिंदा जनतासँग हाम्रो समूह झन् घनिष्ट हुन्थ्यो । सदनको गर्मी सत्र टुङ्गियो । यो अन्तरालमा सांसदहरू आ-आफ्ना निर्वाचन क्षेत्रमा फर्के । सेन्ट पिटर्सबर्गमा म मात्र बाँकी रहेँ । यो बेला मैले हामी ६ जनाले मिलेर गर्ने काम एक्लैले गर्नुपर्थ्यो ।

मजदुरहरूले मसँग अनेक प्रश्न गर्थे । मजदुरी बुझ्ने दिन मजदुरहरू हडताली कोषमा पैसा दाखिला गर्न मकहाँ आउँथे । त्यही बेला उनीहरू मसँग विभिन्न मुद्दा उठाइदिन अनुरोध गर्थे । पैसा लिएर आउने प्रत्येक मजदुरका अनेक काम हुन्थे । कसैका लागि मैले पासपोर्ट बनाइदिनुपर्थ्यो । सरकारले 'गैरकानुनी' घोषित गरेका कतिपय मजदुरका लागि लुक्ने गोप्य ठाउँ खोजिदिनुपर्थ्यो । हडतालमा सरकारले सताएका मजदुरका लागि काम खोजिदिनुपर्थ्यो । त्यस्तै, पक्राउ परेका मजदुरको पक्षमा रिहाइका लागि दर्खास्त लेखिदिनुपर्थ्यो । निर्वासनमा परेकाहरूका लागि सहयोगको बन्दोबस्त गर्नुपर्थ्यो । यस्तै काम हुन्थे । हडताल कमजोर भएको सङ्केत पाउनासाथ हडतालीहरूको मनोबल बढाउन आवश्यक कदम चाल्नुपर्थ्यो । तिनलाई सहयोगको जोहो गर्नुपर्थ्यो । तिनको पक्षमा पर्चा पम्पलेट छाप्न र पठाइदिन पर्थ्यो । यसका साथै मजदुरहरूले कतिपय घरायसी र निजी विषयमा पनि मसँग सरसल्लाह मागिरहन्थे ।

थोरै धेरै जति होस् म नजोडिएको कुनै पनि कारखाना थिएन पिटर्सबर्गमा । मेरा पाहुना प्रायः हुल बाँधेर आउँथे । त्यसैले सबै बस्नका लागि मेरो घर साँघुरो हुन्थ्यो । त्यसैले मसँग भेट्न उनीहरूले सिँढीमा लाम लागेर पालो पर्खनुपर्थ्यो । सङ्घर्ष चर्किंदै जाँदा, हडतालको सङ्ख्या थपिँदै जाँदा यो लाम लम्बिँदै जान्थ्यो । यसले मजदुर र तिनका सांसदबिच आत्मीयता बढिरहेको सङ्केत गर्थ्यो । साथै, यो जनताबिच सङ्गठन फैलिरहेको सङ्केत पनि थियो ।






स्थानीय समयअनुसार नोभेम्बर २२ मा दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाले २० औं जी-२० नेताको शिखर सम्मेलन। शिखर सम्मेलनले पारित गरेको घोषणापत्रमा जलवायु कार्य, ऋण मुद्दा, समावेशी वृद्धि र बहुपक्षीय सहयोगजस्ता मुख्य बुँदाहरू समावेश छन्। *तस्बिर : सिन्ह्वा*

# अमेजन जलवायु सम्झौता : विश्व एकताको 'जीत', तर जीवाश्म इन्धनबारे निराशाजनक चुक

बेलेम (ब्राजिल), २३ नोभेम्बर (एएफपी)। ब्राजिलको अमेजन क्षेत्रमा सम्पन्न संयुक्त राष्ट्र जलवायु शिखर सम्मेलन कोप-३० ले अन्ततः विश्वका करिब २०० राष्ट्रलाई एउटै सहमतिमा ल्याउन सफल भएको छ। यद्यपि, जीवाश्म इन्धनको भविष्यबारे अपेक्षित कडा प्रतिबद्धता भने दस्तावेजमा समावेश हुन नसकेकाले धेरै देशहरू असन्तुष्ट देखिए।

दुई हप्तासम्म चलेको कठिन वार्ताका अन्तिम क्षणमा महासन्धि पारित भए पनि संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प वार्ताबाट अलगिएका कारण अमेरिकाको अनुपस्थिति स्पष्ट देखियो। शिखर वार्ताभर बेलेमले विशाल विरोध प्रदर्शन, आगलागी, सडक मार्च र उग्र नारा-जुलुसको वातावरण अनुभव गर्नुपरेपछि अन्तिम मोडमा सम्झौतामा हस्ताक्षर गरियो।

ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले यस सम्झौताले विभाजित विश्वले अझै पनि सङ्कटको क्षणमा एकता देखाउन सक्छ भन्ने प्रमाणित गरेको बताउँदै 'बहुपक्षवादले जीत हासिल गरेको दिन' भएको टिप्पणी गर्नुभयो। दक्षिण अफ्रिकाबाट जी-२० शिखर सम्मेलनमा सहभागी भइरहनुभएका उहाँले अन्तर्राष्ट्रिय समुदायले 'त्याग्ने कि निरन्तर प्रयास गर्ने' विकल्पको सामना गर्दा 'हामीले निरन्तरताको बाटो रोज्यौँ' भनी जोड दिनुभयो।

युरोपेली सङ्घ (ईयू) का जलवायु प्रमुख वोप्के होक्स्ट्राले भने सम्झौता निकै अमूर्त भएको स्वीकार गर्दै 'हामीले अपेक्षा गरेभन्दा धेरै पाउन चाहन्थ्यौँ, तर प्रक्रियालाई नै विफल हुनबाट बचाउन यही उत्तम विकल्प थियो' भनेर प्रतिक्रिया दिनुभयो।

चीनका प्रमुख प्रतिनिधि ली गाओले पनि चुनौतीपूर्ण परिस्थितिमा प्राप्त सहमतिलाई 'अन्तर्राष्ट्रिय समुदायको सामूहिक इच्छाशक्तिको प्रतिफल' भन्दै सफलताका रूपमा व्याख्या गर्नुभयो। ब्राजिल, भारत, चीन र दक्षिण अफ्रिकाजस्ता उदीयमान राष्ट्रहरूले संयुक्त विज्ञप्ति जारी गर्दै सम्झौतालाई 'अर्थपूर्ण' रहेको प्रतिक्रिया दिए भने साना टापु राष्ट्रहरूको संस्था एओएसआइएसले यसलाई 'अपूर्ण भए पनि आवश्यक प्रगति' का रूपमा लिएको छ।

यद्यपि जीवाश्म इन्धन-सम्बन्धी प्रावधान यसपटक पनि शिखरको दुर्बल पक्ष बन्यो। तेल, ग्याँस र कोइलाबाट चरणबद्ध रूपमा बाहिरिने स्पष्ट रणनीति माग गरिरहेका दर्जनौँ देशले वार्ताबाट हट्ने चेतावनी दिइरहेका थिए। तर, अन्तिम दस्तावेजले जीवाश्म इन्धनको नामै उच्चारण नगरी अघिल्ला कोपहरूको सामान्य शब्दावली दोहोऱ्यायो। कोप-३० का अध्यक्ष आन्द्रे कोरिया डो लागोले असन्तुष्टि न्यूनीकरण गर्न 'स्वैच्छिक रोडम्याप' को प्रस्ताव प्रस्तुत गर्नु भए पनि कोलम्बियाले यस सम्झौतालाई अस्वीकार गर्ने घोषणा गऱ्यो।

राष्ट्रपति गुस्ताभो पेट्रोले आफ्नै देशले आगामी वर्ष जीवाश्म इन्धन चरणबद्ध अन्त्यबारे विश्वकै पहिलो शिखर सम्मेलन आयोजना गर्ने बताउनुभएको छ। ब्राजिलको सुरुआती समर्थनका बाबजुद तेल-उत्पादक साउदी अरेबिया, कोइलामा भरपर्दो भारतलगायतका राष्ट्रहरूबाट कडा विरोध भएपछि रोडम्यापले गति गुमायो। ग्रीनपीस ब्राजिलका क्यारोलिना पासक्वालीले 'लुलाले उच्च मापदण्ड राखे पनि विभाजित भू-राजनीतिले त्यसलाई रोकिदियो' भन्दै चिन्ता व्यक्त गर्नुभयो।

पैसा र व्यापारको मुद्दामा भने केही प्रगति भयो। विकासशील राष्ट्रहरूको जोडबलका बिच विश्वले सन् २०३५ सम्म गरिब तथा कमजोर देशहरूलाई जलवायु अनुकूलनका लागि प्रदान हुने वित्तीय सहयोग 'कम्तीमा तीन गुणा' बढाउने सहमति गऱ्यो। यद्यपि, बङ्गलादेशका एक वार्ताकारले 'लडाइँ अझै जारी रहने' टिप्पणी गर्नुभयो। नेपालका प्रतिनिधि राजु पण्डितले शिखर सम्मेलनले 'दुर्बल राष्ट्रहरूको अपेक्षा पूरा नगरेको' बताउनुभयो। साथै, चीनका लागि महत्त्वपूर्ण मानिएको व्यापार-सम्बन्धी कडा भाषा पहिलोपटक कोप सम्झौतामा समावेश गरिएको छ।

राजनीतिक बहसभन्दा पर अमेजनको वातावरणले यो शिखर सम्मेलनलाई विशेष बनायो। खुला वातावरण, वर्षावनको आवाज, स्थानीय जीवनशैली र व्यापक सार्वजनिक भागीदारीले यस कोपलाई पछिल्ला वर्षहरूमा अधिनायकवादी पेट्रो-राज्यहरूले आयोजना गरेका सम्मेलनभन्दा फरक बनायो। हजारौँ मानिस सडकमा उत्रिए र भित्र प्रदर्शनकारीहरूले नारा लगाए। तर, केही क्षण अविस्मरणीय पनि रहे - दोस्रो अन्तिम दिन कपडाको छतमा लागेको आगलागीले हलहरू धुवाँले ढाकिँदा केहीबेर कोलाहल मच्चियो भने सुरुआतमै आदिवासी प्रदर्शनकारी र सुरक्षाकर्मीबिच झडप भयो।

अन्तिम सत्रमा अध्यक्ष कोरिया डो लागोले वर्षावनको गर्जनयुक्त आवाजबिच भाषण जारी राख्दै 'अमेजन आफैँले हामीलाई बोलिरहेको छ' भन्नुभएको थियो। त्यो आवाज जसले जलवायु सङ्कटका विषयमा विश्वलाई फेरि एकपटक गम्भीरतापूर्वक सोच्न बाध्य गरायो।

# यमनमा हुथी अदालतद्वारा १७ जनालाई जासुसी आरोपमा मृत्युदण्ड

कायरो, २३ नोभेम्बर (एपी)। यमनको राजधानी सानास्थित हुथी नियन्त्रित विशेष फौजदारी अदालतले विदेशी सरकारका लागि जासुसी गरेको आरोपमा १७ जनालाई दोषी ठहर गरी मृत्युदण्डको सजाय सुनाएको छ।

इरान समर्थित हुथी प्रशासनद्वारा सञ्चालित साबा समाचार एजेन्सीका अनुसार शनिबार सार्वजनिक रूपमा फायरिङ स्क्वाडद्वारा सजाय कार्यान्वयन गर्ने फैसला सुनाइएको हो। यो निर्णयलाई हुथीहरूले विदेशी एजेन्सीका स्थानीय कर्मचारीहरूमाथि वर्षौंदेखि गर्दै आएको कठोर दमनको पछिल्लो उदाहरणका रूपमा लिइएको छ।

अदालतले दोषी ठहरिएका व्यक्तिहरूलाई 'अमेरिकी, इजरायली र साउदी गुप्तचर निकायसँग सम्बद्ध जासुसी सञ्जालभित्र सक्रिय' रहेको दाबी गर्दै उनीहरूले २०२४-२०२५ को अवधिभर यमनसँग शत्रुतामा रहेका विदेशी राज्यहरूसँग संवेदनशील जानकारी आदान-प्रदान गरेको आरोप लगायो।

अभियोजनका अनुसार प्रतिवादीहरूले साउदी अरेबिया, बेलायत, संयुक्त राज्य अमेरिका र इजरायलको मोसादसँग सहकार्य गर्दै राज्यका उच्च अधिकारीहरूको गतिविधि, मिसाइल सम्बन्धी विवरण र सैन्य तथा नागरिक संरचनाहरूका स्थानसमेत उपलब्ध गराए, जसका कारण दर्जनौं मानिसको मृत्यु र पूर्वाधारमा व्यापक विनाश भएको थियो।

अदालतले एक पुरुष र एक महिलालाई १० वर्षको कैद सजाय सुनायो भने अर्को एक अभियुक्त निर्दोष घोषित भए। दोषी ठहरिएका केही प्रतिवादीका वकिल अब्दुलबासित गाजीले यस फैसलाविरुद्ध अपिल दर्ता गर्न सकिने बताउनुभयो।

हुथीहरूद्वारा नियन्त्रित क्षेत्रहरूमा पछिल्ला वर्षहरूमा गिरफ्तारी, जबर्जस्ती गायब पारिने घटना र कडा सजाय सामान्यजस्तै बनेका छन्। सन् २०१४ मा सुरु भएको यमनको गृहयुद्धपछि हजारौं व्यक्तिलाई हिरासतमा लिइएको छ, जसमा संयुक्त राष्ट्रसङ्घका कर्मचारीहरू समेत परेका छन्।

विगत दुई वर्षयता हुथीहरूले संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय सहायता सङ्गठनहरू तथा विदेशी दूतावासका स्थानीय कर्मचारीहरूलाई जासुसीको आरोपमा बारम्बार पक्राउ गर्दै आएका छन्। यी सबै आरोपहरूलाई राष्ट्रसङ्घले कडा रूपमा अस्वीकार गरेको छ।

हुथी अदालतहरूले यसअघि पनि साउदी नेतृत्वको गठबन्धनसँग सहकार्य गरेको आरोपमा कडा सजाय सुनाउँदै आएका छन्। सन् २०२१ मा विद्रोहीहरूले सन् २०१८ को हवाई आक्रमणमा हुथीका वरिष्ठ नेता सालेह अल-समदको मृत्युमा संलग्न भएको आरोप लगाउँदै नौ जनालाई मृत्युदण्ड दिएका थिए। सन् २०२३ को अन्त्यतिर इजरायल र लाल सागरस्थित जहाजहरूमा हुथीहरूले क्षेप्यास्त्र तथा ड्रोन आक्रमण सुरु गरेपछि क्षेत्रीय तनाव झन् बढेको थियो। गाजामा भइरहेको युद्धप्रतिको प्रतिक्रियास्वरूप आफूहरू 'प्यालेस्टिनीहरूसँग एकतामा' कारबाही गरिरहेको विद्रोही पक्षले दाबी गर्दै आएको छ।

त्यसको प्रतिउत्तरस्वरूप संयुक्त राज्य अमेरिका र इजरायलले हुथीविरुद्ध हवाई र नौसैनिक अभियान चलाए। यस वर्षको सुरुआतमा भएको एक इजरायली आक्रमणमा हुथी सरकारका प्रधानमन्त्री र अधिकांश मन्त्रीहरूको मृत्यु भएपछि स्थिति अझै चर्किएको छ।

# ब्राजिलका पूर्वराष्ट्रपति बोल्सोनारो निगरानी यन्त्र तोडेर भाग्न खोजेको आरोपमा पक्राउ

ब्रासिलिया, २३ नोभेम्बर (एएफपी)। ब्राजिलका पूर्वराष्ट्रपति जेयर बोल्सोनारोलाई सर्वोच्च अदालतले उच्च भाग्न-जोखिम ठानी शनिबार फेरि हिरासतमा लिएको छ।

सन् २०२२ को चुनावपछि वामपन्थी नेता लुइज इनासिओ लुला दा सिल्भालाई सत्तामा आउन नदिन गरिएको योजनामा २७ वर्षको जेल सजाय पाउनुभएका बोल्सोनारो हाल कू-प्रयाससम्बन्धी मुद्दामा अपिल चलिरहेको अवस्थामा नजरबन्दमा रहनुभएको थियो।

अदालतले उहाँले आफ्नो खुट्टामा बाँधिएको निगरानी मोनिटर निष्क्रिय पार्न खोजेको ठहर गर्दै यसलाई भाग्ने प्रयासका रूपमा व्याख्या गरेको छ। सर्वोच्च अदालतका न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसका अनुसार नजरबन्द एउटा निवारक उपाय भए पनि बोल्सोनारोले यसलाई तोडफोड गर्न खोज्नु गम्भीर उल्लङ्घन हो। अदालतले सार्वजनिक गरेको भिडियोमा बोल्सोनारोले 'जिज्ञासावश' मोनिटरमा सोल्डरिङ उपकरण प्रयोग गरेको स्वीकार गर्नुभएको देखिन्छ, जहाँ यन्त्र क्षतिग्रस्त र जलेको देखिए पनि अझै उहाँको खुट्टामै थियो।

सन् २०१९ देखि २०२२ सम्म देश चलाउनुभएका ७० वर्षीय पूर्व नेतालाई गत अगस्टदेखि ब्रासिलियास्थित एक उच्चस्तरीय कन्डोमिनियमभित्र सीमित गरिएको थियो। न्यायाधीश मोरेसले शनिबार बोलाइएको फ्लेभियो बोल्सोनारोको 'जागरण' कार्यक्रमले अशान्ति निम्त्याइ बोल्सोनारोको भाग्ने सम्भावनालाई बढाउन सक्ने बताउनुभयो। फ्लेभियोले समर्थकहरूलाई 'आफ्नो देशका लागि लड्न' आह्वान गरेको र सोही कारण वातावरण थप संवेदनशील बनेको उल्लेख गरिएको छ। मोरेसले बोल्सोनारोका कानुनी प्रतिनिधिहरूलाई २४ घण्टाभित्र घटनाबारे व्याख्या पेश गर्न निर्देशन दिनुभएको छ।

बोल्सोनारोको घर अमेरिकी दूतावास नजिक रहेको उल्लेख गर्दै न्यायाधीशले उहाँले राजनीतिक शरण खोज्ने जोखिम बढेको चेतावनी पनि दिनुभयो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका निकट सहयोगी मानिने बोल्सोनारोको मुद्दालाई ट्रम्पले 'विच हन्ट' (राजनीतिक प्रतिशोध) भनेका छन् र पछिल्लो घटनालाई 'धेरै खराब' भन्दै प्रतिक्रिया दिएका छन्।

बोल्सोनारोलाई शनिबारै ब्रासिलियाको सङ्घीय प्रहरी मुख्यालय पुऱ्याइयो। त्यहाँ कैदीहरूलाई जेल पठाउनुअघि मेडिकल परीक्षण गरिन्छ। एक स्रोतले उपलब्ध गराएको भिडियोमा टेलिभिजन, सानो फ्रिज र वातानुकूलनसहितको कक्षमा बोल्सोनारोलाई राखिएको देखिन्छ।

प्रहरी मुख्यालय बाहिर विरोध र समर्थन दुवै देखिएको थियो। केही महिलाले उहाँ पक्राउ परेको खुशीमा वाइन खोलेर उत्सव मनाएका थिए। ४७ वर्षीया दर्शनशास्त्रकी शिक्षिका एना डेनिस सौसाले बोल्सोनारोले विगतमा देश बिगारेको आरोप लगाउँदै अहिले न्यायको समयमा पुगेको बताउनुभयो। विपरीतरूपमा, पूर्वराष्ट्रपति समर्थकहरूले यसलाई 'राजनीतिक उत्पीडन' को संज्ञा दिए।

बोल्सोनारोको कानुनी सङ्कटले ब्राजिलको ठूलो दक्षिणपन्थी मतदातालाई सन् २०२६ को राष्ट्रपति चुनावअघि नेतृत्वविहीन बनाएको छ। ८० वर्षीय लुलाले अर्को कार्यकाल खोज्ने घोषणा गरिसक्नुभएको छ। बोल्सोनारोका वकिलहरूले निर्बल स्वास्थ्यका कारण निरन्तर नजरबन्दले 'जीवन जोखिममा पर्न सक्ने' भन्दै अपिल गर्ने तयारी जनाएको छ। सन् २०१८ मा निर्वाचन प्रचारक्रममा पेटमा छुरा प्रहारबाट घाइते भएपछि उहाँले लगातार स्वास्थ्य समस्या भोग्दै आउनुभएको छ।

राष्ट्रपतित्वकालमा बोल्सोनारोलाई आर्थिक नीतिका लागि केही प्रशंसा मिले पनि अमेजन वन विनाशको वृद्धि र कोभिड-१९ लाई 'सानो फ्लु' भन्दै खारेज गरेकोमा व्यापक आलोचना भएको थियो। यसै वर्ष सेप्टेम्बरमा उहाँलाई एक आपराधिक सङ्गठनको नेतृत्व गर्दै सत्ता कब्जा गर्ने षड्यन्त्र र विपक्षी नेता लुला, उपराष्ट्रपति गेराल्डो अल्कमिन तथा न्यायाधीश मोरेसको हत्या योजनामा संलग्न भएको अभियोगमा दोषी ठहर गरिएको थियो।

# भियतनाममा भीषण बाढी, कम्तीमा ९० जनाको मृत्यु

हनोई, २३ नोभेम्बर (एएफपी)। भियतनाममा निरन्तर परेको भारी वर्षा, बाढी तथा भूस्खलनका कारण गत एक हप्तामा कम्तीमा ९० जनाले ज्यान गुमाएको अधिकारीहरूले आइतबार बताएका छन्।

धेरै नागरिक अझै छत र पहाडी सडकहरूमा फसिरहेका छन्। अक्टोबरको अन्त्यदेखि दक्षिण-मध्य भियतनाम निरन्तर वर्षाको ठूलो प्रभावमा पर्दा लोकप्रिय पर्यटकीय सीमानाका सहरहरूमा बारम्बार बाढी ल्याई करोडौँ डलर बराबरको आर्थिक क्षति पुऱ्याएको छ।

तटीय सहर न्हा ट्राङका विस्तृत क्षेत्र डुबानमा परे भने प्रख्यात पर्यटन केन्द्र दा लाट वरिपरिका उच्च भूभागमा घातक भूस्खलन भएको छ। डाक लाक प्रान्तका ६१ वर्षीय किसान माच भान सीले बाढीका कारण आफू र आफ्नी श्रीमती दुई रातसम्म छतमा फस्नुपरेको बताउनुभयो। "हाम्रो गाउँ-छिमेक लगभग पूर्ण रूपमा नष्ट भयो, केही पनि बाँकी रहेन। सबै चिहानसम्म ढाकिए," उहाँले एएफपीसँग भन्नुभयो। छतमा चढ्न सफल भएपछि पनि आफूहरू 'निश्चिन्त नभएको' उहाँको कथन थियो।

नोभेम्बर १६ पछि दर्ता भएका मृतकमध्ये ६० भन्दा धेरै डाक लाक प्रान्तमै रहेका छन्। त्यहाँ दसौं हजार घर डुबानमा परेको वातावरण मन्त्रालयले बताएको छ। तुय हो बजार क्षेत्रको पानी केही घटे पनि ४० वर्षीया बिक्रेता भो हु डुले आफूले बेच्ने अधिकांश सामान भिजेको वा माटोले छोपिएको बताउनुभयो। उहाँले दुःख व्यक्त गर्दै भन्नुभयो, "मेरो सबै सामान भिजेको ठूलो थुप्रोझैँ छ। कहाँबाट सफा सुरु गर्ने, केही थाहा छैन।" वर्षौंदेखि बाढीबाट जोगिन विक्रेताहरूले पाँच सेन्टिमिटर जति उच्च स्थान सुरक्षित मान्दथे, तर यसपटक पानी एक मिटरभन्दा माथि पुगेपछि त्यो उपाय पनि निष्प्रभावी भयो।

गत हप्तामै डाक लाकसहित पाँच प्रान्तमा ८० हजार हेक्टरभन्दा बढी चामल तथा अन्य बाली नष्ट भए भने करिब ३२ लाख गाई-वस्तु तथा कुखुरा मरे वा बगाइए।

सरकारले बाढी-पीडित समुदायहरूमा राहत पुऱ्याउन हेलिकप्टर परिचालन गरेको छ। दसौं हजार कर्मचारीलाई कपडा, पानी शुद्धीकरण ट्याब्लेट, तयारी चाउचाउ र अन्य आवश्यक सामग्री वितरणका लागि खटाइएको राज्य सञ्चालित टुओई ट्रे न्युजले जनाएको छ। राष्ट्रिय राजमार्गका धेरै खण्ड अझै अवरुद्ध छन् भने कतिपय रेलवे सेवाहरू निलम्बित अवस्थामा छन्।

वातावरण मन्त्रालयले बाढीका कारण पाँच प्रान्तमा करिब ३४ करोड ३० लाख डलर बराबरको आर्थिक क्षति भएको अनुमान गरेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार यस वर्ष जनवरीदेखि अक्टोबरसम्मको अवधिमा मात्र प्राकृतिक प्रकोपले २७९ जनाको ज्यान लिएको वा बेपत्ता पारेको छ र क्षति दुई अर्ब डलरभन्दा माथि पुगेको छ।

# स्वास्थ्यका लागि चिया कफी कत्तिको उपयोगी ?

✍ प्रा. डा. प्रकाशराज रेग्मी

धेरै जनाको बिहानको सुरुआत प्रायः चिया वा कफीबाट हुन्छ । चिया, कफी साथीहरू भेट भएर कुरा गर्ने माध्यम पनि हो । त्यसैले चिया वा कफी धेरैको दैनिकीको अभिन्न अङ्ग बनेको छ । यसका फाइदा बेफाइदाका बारेमा विभिन्न अध्ययन अनुसन्धानहरू भएका छन् । विश्वका धेरै देशहरूमा चिया, कफीको सेवन निकै हुने गरेको छ । अझ जाडोको समयमा त यसको सेवन निकै नै हुने गर्दछ । नेपालमा पनि तराईदेखि हिमाली भेगसम्म यसको प्रयोग हुने गर्दछ । पछिल्लो समय कफीको प्रयोग गर्नेहरूको सङ्ख्या ह्वात्तै बढेको छ । नेपालमा चिया र कफी खेती पनि हुने भएकाले यसको प्रयोगलाई सामान्य रूपमा लिने गरिन्छ । यहाँ चिया र कफीको प्रयोग स्वास्थ्यका दृष्टिले कत्तिको लाभदायक छ भन्ने कुरा उल्लेख गरिएको छ ।

संसारभरि पानीपछि सबैभन्दा धेरै पिइने पेयपदार्थ चिया नै हो । हामीले धेरैथरी चिया पिउने गर्छौँ- दूध हालेको सेतो चिया, दूध र मसला दुवै हालेको मसला चिया, केही पनि नहालेको कालो वा हरियो चिया, आयुर्वेदिक जडीबुटी मिसिएको हर्बल चिया आदि । धेरैले चियामा चिनी हालेर पिउँछन्, कसैकसैले चिनी नहालेको चिया मन पराउँछन् । दूध-चिनी हाली आगोमा भकभकी उमालेर पकाएको चिया स्वादिलो हुने हुँदा धेरैको रोजाइमा पर्छ । स्वास्थ्यका जानकारहरूले यस्तो चियाले स्वास्थ्यमा हानि पुऱ्याउँछ भनी खबरदारी गर्छन् । यस्तो खबरदारीलाई ध्यानमा राखेर केही मानिसले चियामा दूध-चिनी केही पनि नमिसाइ कालो चिया पिउने गर्छन् । कतिपयले त स्वास्थ्यलाई फाइदा गर्छ भनेर हरियो चिया मीठो नलागे पनि पिउने गर्छन् ।

कस्तो चिया फाइदाजनक ?

स्वास्थ्यका हिसाबले चिया सेतो, कालो या हरियो कुन फाइदाजनक छ भन्नेबारे धेरैलाई जान्ने उत्सुकता हुन्छ । हामीले दिनदिनै दुई-चार कप चिया पिएकै हुन्छौँ । हरियो र कालो दुवै चिया एउटै जातको 'क्यामेलिया' नामक वनस्पतिबाट उत्पादन हुने गर्छ । चिया बगानबाट चियापत्ती टिप्दा त्यो हरियो हुन्छ, त्यसलाई प्रशोधन गरेपछि त्यो कालो हुन्छ । हरियो चिया भनेको सबैभन्दा कम प्रशोधित चिया हो । चियाको पातलाई जति धेरै प्रशोधन गरिन्छ त्यति नै मात्रामा त्यसमा भएका गुणकारी तत्त्वहरू नष्ट हुँदै जान्छन् । यो हिसाबले कालोभन्दा हरियो चियालाई बढी स्वास्थ्यवर्द्धक मान्नुपर्छ ।

हरियो चियामा स्वास्थ्यवर्द्धक तत्त्व पोलिफिनोल र क्याटेखिन बढी पाइन्छ भने कालो चियामा यिनीहरूको मात्रा अलि कम हुन्छ तर क्याफिनको मात्रा बढी हुन्छ । क्याफिनले शरीरलाई उत्तेजित पार्ने, नशा लाग्ने कारणले त्यति राम्रो मानिँदैन । चियामा भएको गुणकारी तत्त्वहरू पोलिफिनोल आदिले मुटु, हड्डी, पेट आदिलाई फाइदा गर्छ । यसले क्यान्सरको रोकथाममा पनि मद्दत पुऱ्याउँछ । मधुमेह, उच्च रक्तचापजस्ता समस्यालाई पनि कम गर्न सहयोग गर्छ ।

चियालाई धेरै बेर उमाल्यो, त्यसमा दूध र चिनी मिसायो भने पोलिफिनोल, क्याटेखिन आदि गुणकारी तत्त्वहरू निष्क्रिय भइदिन्छन् । यसकारण स्वास्थ्यका हिसाबले सोझो अर्थमा चिया कालोभन्दा हरियो राम्रो, दूध-चिनी हालेको भन्दा नहालेको राम्रो । हामीले पोलिफिनोल एन्टिअक्सिडेन्ट अमिल्युकी आउँछ भने चियामा दूध नहालेको राम्रो । यस्तो समस्या भएकाहरूले दूधबिनाको कालो या हरियो चिया पिउँदा राम्रो हुन्छ । तर तपाईं चियाको असाध्यै पारखी हुनुहुन्छ, सेतो दूध हालेको चिया मन पराउनुहुन्छ भने खाली पेटमा नपिउनुहोस् । पहिले अलिकति पानी पिउनुहोस्, दैनिक एक अनि दूध हालेको चिया पिउनुहोस्, दैनिक एक कपभन्दा बढी सेतो चिया नपिउनुहोस् । चियामा अदुवा मिसाएर पकायो भने स्वाद पनि बढ्छ, पेटलाई फाइदा पनि हुन्छ ।

तौल घटाउने इच्छा छ भने दूध-चिनी नहालेको हरियो चिया दैनिक चार कपसम्म पिउनुहोस् । यसभन्दा धेरै पिउँदा हानि पुग्न



चियाबाटै किन लिनुपऱ्यो ? फलफूल, सागसब्जी, गेडागुडी, ड्राइफ्रुट्स आदिबाट प्रशस्त फाइबर र एन्टिअक्सिडेन्ट पाउन सक्छौँ । यी चिजहरू खाए भइहाल्यो नि ! चियाको स्वाद बिगारी-बिगारी टर्रो चिया नै किन पिउनुपऱ्यो !

कोक, फन्टा, स्प्राइट, रेडबुलजस्ता पेयपदार्थहरू पिउनुभन्दा आगोमा भकभकी उमालेको दूध-चिनी हालेको चिया नै बढी फाइदाजनक हुन्छ । यस्तो चिया दैनिक एक-दुई कप पिउँदा केही पनि हानि छैन । तर, जसले दैनिक दुई कपभन्दा बढी चिया पिउँछ, उसले विचार पुऱ्याउनुपर्छ कस्तो चिया पिउने ? कति कप पिउने ? कुन बेला पिउने ? चिनी-दूध हाल्ने कि नहाल्ने ? भन्ने कुरा आफ्नो स्वास्थ्यअनुसार विचार गर्न सकिन्छ :

यदि तपाईंलाई मधुमेह रोग छ, रगतमा ट्राइग्लाइसेराइडको मात्रा धेरै बढेको (४०० भन्दा बढी नै) छ, शरीर मोटो छ भने चियामा चिनी नहाली पिउनुहोस् । तपाईंले हरियो चिया पिएको राम्रो ।

पेटको समस्या छ, पेट फुल्छ, पोल्छ, ग्यास्ट्रिक बढ्ने समस्या छ, डकार धेरै आउँछ, सक्छ, विचार पुऱ्याउनुहोस् । तपाईं स्वस्थ हुनुहुन्छ भने दैनिक दुई कपसम्म दूध-चिनी हालेर भकभकी पकाएको नेपाली चिया आनन्दपूर्वक पिउन सक्नुहुन्छ । चियामा रहेको पौस्टिक तत्त्व नष्ट भयो भनी चिन्ता नगर्नुहोस्, चियाको स्वादमा रमाउनुहोस् । तर, दैनिक दुई कपभन्दा बढी यस्तो चिया नपिउनुहोस् । धेरै भयो भने यसमा भएको क्याफिनले नशा लाग्छ, उत्तेजित बनाउँछ, अनिद्रा गराउँछ, रक्तचाप बढाउँछ, मुटुको धड्कन बढाउँछ ।

यसकारण सावधानीका साथ चियाको मज्जा लिनुहोस् । चिया सेतो कि कालो पिउने भन्ने विषयमा धेरै नसोच्नुहोस् । तपाईंलाई जुन चियाको बढी स्वाद लाग्छ त्यही चिया पिउनुहोस् तर सावधान ! धेरै नपिउनुहोस् ।

**कफीको नशा**

चिया जस्तै कफीको स्वादमा रमाउने मानिस पनि विश्वमा धेरै छन् । धेरैलाई कफीको नशाबारे थाहा छैन । कफी र रक्सी दुवैमा नशा लाग्ने तत्त्व हुन्छ । कडा कफी पिउने बानी भएकाहरूलाई कफी र रक्सीमध्ये एउटा छोड्नुपर्दा उनीहरू रक्सी छोड्छन् । रक्सी छोड्नसक्ने तर कफी छोड्न नसक्ने भनेको रक्सीमा भन्दा पनि कडा नशा कफीमा छ भनी बुझ्नुपर्छ । चुरोटमा हुने निकोटिन र रक्सीमा हुने अल्कोहलले स्वास्थ्यमा गम्भीर असर पार्छ । रक्सी र चुरोटको लत बसेकाहरूले यो छोड्दा हात काम्ने, टाउको दुख्ने, छटपटी लाग्नेजस्ता समस्या देखा पर्छन् । यसलाई 'विड्अल इफेक्ट' भनिन्छ । कफीको लत बसेकाहरूले कफी पिउन नपाउँदा यस्तै अवस्था उत्पन्न हुन्छ ।

संसारमा धेरै पिइने पदार्थहरूमध्ये एक हो कफी । विकसित राष्ट्रहरूमा आधा जनसङ्ख्याले कफी सेवन गर्ने गरेका छन् । त्यहाँ प्रत्येक दिन एक जनाले सरदर तीन कप कफी पिउने गर्छन् । कफीको उत्पादन भने सबैभन्दा बढी विकासोन्मुख राष्ट्रहरूमा हुने गरेको छ । कफीको खेती संसारका ७० भन्दाबढी देशमा गरिन्छ । सबैभन्दा धेरै कफी उत्पादन गर्ने देश ब्राजिल हो । यो देशले संसारको कूल ३५ प्रतिशत कफी उत्पादन गर्दछ । नेपालमा पनि कफीको उत्पादन हुन्छ । नेपालमा पाल्पा र गुल्मीका कफीहरू प्रख्यात छन् ।

**कति पिउने कफी ?**

रक्सीमा इथानोल र चुरोटमा निकोटिन भएजस्तै कफीमा क्याफिन हुन्छ । यसमा एक प्रकारको लत वा नशा बस्छ । मान्छेले एकपटक पिएपछि फेरि पनि पिउँपिउँ जस्तो लाग्ने कारण यही हो । दुई चिया चम्चा धुलो कफी मिसाएको एक कप कफीमा सय मिलिग्राम क्याफिन हुन्छ । स्वास्थ्यका दृष्टिले दैनिक दुई सयदेखि चार सय मिलिग्रामसम्म क्याफिन पिउन सुरक्षित मानिन्छ । अर्थात्, एक जनाले दुईदेखि चार कपसम्म दैनिक कफी पिउन सक्छन् । तर कफी पिउन हुने/नहुने भन्ने कुरा व्यक्तिको स्वास्थ्य स्थितिमा भर पर्छ ।

क्याफिन तत्त्व कफीमा मात्रै नभएर चकलेट, चिया, कोल्ड ड्रिङ्क्स र इनर्जी ड्रिङ्क्समा पनि पाइन्छ । इनर्जी ड्रिङ्क्स पिउँपिउँ लाग्ने कारण पनि क्याफिनको नशा लागेर हो । कफीले स्वास्थ्यमा असर पार्छ भन्ने कुरा विज्ञानले पनि पुष्टि गरेको छ । यसले दिमाग र मुटुमा असर पार्ने, मुटुलाई उत्तेजित बनाउने एवं पाचन प्रणालीमा पनि असर गर्छ । थोरै प्रयोगले खासै असर नगरे पनि, धेरै हुनेबित्तिकै पाचन प्रणालीमा असर पार्छ । दैनिक चार कपभन्दा बढी कफीलाई धेरै मान्नुपर्छ । कफी धेरै पिउँदा छटपटी हुने, चक्कर लाग्ने, हात काँप्ने, निद्रा नलाग्ने, मुटुको धड्कन बढ्ने, ब्लड प्रेसर बढ्ने, अपच हुनेजस्ता समस्या देखिन सक्छन् । धेरै भयो भने मृत्युसमेत हुनसक्छ । दिनमा ५० कपदेखि एक सय कपसम्म कफी पियो भने मृत्युसमेत हुन सक्छ । १० हजार मिलिग्राम क्याफिन शरीरमा पऱ्यो भने तत्काल मृत्यु हुनसक्छ ।

कुनै व्यक्तिलाई कफी शरीरमा पर्नेबित्तिकै आनन्द महसुस हुन्छ भने कतिपयलाई छटपटी हुन्छ । कसैकसैलाई अलिकति कफी पिउनेबित्तिकै असर पर्छ, यसलाई कफीमा 'सेन्सेटिभ' भएको भनिन्छ । कफीमा सेन्सेटिभ भएकाहरूलाई थोरै कफीले पनि छटपटी गराउने, जीउ तातेर आउने, मुटु हल्लिने, निद्रा नपर्ने, अपच हुने, रक्तचाप बढ्ने, छिटोछिटो पिसाब लाग्नेजस्ता स्वास्थ्य समस्या उत्पन्न गराउँछ । मुटुको धड्कन खराब भएकाहरूले दैनिक एक कपसम्म कफी पिउनु सुरक्षित मानिन्छ ।

विज्ञानले भन्छ-एक कप कफी गर्भवतीहरूका लागि समेत सुरक्षित छ तर यसभन्दा बढी भएमा गर्भपात हुने वा कम तौल भएको बच्चा जन्मिने खतरा बढ्छ । १८ वर्ष उमेरमुनिका र गर्भवती महिलाले कफी नपिउँदा बेस हुन्छ । आफ्नो स्वादअनुसारको कफी पिउने गर्नुहोस् । कालो, दूध-चिनी नहालेको 'ब्ल्याक' अथवा 'मिल्क विथ सुगर', 'कफी लाटे', 'अमेरिकानो', 'एक्सप्रेसो', 'क्यापुचिनो' आदि जुन स्वादिलो लाग्छ, छानीछानी पिउने गर्नुहोस् । यसबाट स्वाद, सन्तुष्टि र सुस्वास्थ्य प्राप्त हुन्छ ।

कफीले स्वास्थ्यमा पार्ने असरबारे धेरै अनुसन्धानहरू भएका छन् । कफी सेवन नगर्नेहरूको तुलनामा कफी सेवन गर्नेहरू धेरै वर्ष बाँच्ने गरेको कुरा वैज्ञानिक अनुसन्धानहरूले पुष्टि गरेका छन् । दैनिक दुईदेखि चार कपसम्म कफी पिउनेहरूमा अरूको तुलनामा १६ प्रतिशतले मृत्युदर कम भएको पाइएको छ भने २१ प्रतिशतले हृदयघातबाट हुने मृत्यु घटेको पुष्टि भएको छ । हृदयघात भइसकेकाहरूका लागि पनि कफीको सेवन लाभदायी देखिन्छ । दैनिक दुईदेखि चार कपसम्म कफी पिउँदा यसले स्वास्थ्यमा राम्रो असर पार्छ ।

कफीले मधुमेह र मुटुरोगबाट बचाउन मद्दत गर्छ । दिमागसम्बन्धी रोग- ल्जाइमर्स, डिमेन्सिया र डिप्रेसन हुनबाट रोक्छ । पार्किन्सन्स रोग, लिभर सिरोसिस र क्यान्सर हुनबाट पनि धेरै हदसम्म रोक्छ । हिजोआज धेरै मानिसलाई कलेजोमा बोसो जम्ने रोग छ । यसलाई नन अल्कोहोलिक फ्याट्टी लिभर पनि भनिन्छ । यसलाई पनि कफीले घटाउँछ भन्ने वैज्ञानिक मान्यता छ । तर गर्भवती महिला र १८ वर्षमुनिका बालबालिकाले कफी नपिउँदा राम्रो हुन्छ । किनकि, उनीहरूलाई कफीमा हुने क्याफिनले नकारात्मक असर पुऱ्याउँछ । त्यसैले भरसक आफ्नो शरीरको स्थितिलाई विचार गरेर कफी पिउँदा राम्रो हुन्छ । दूध र चिनी नहालेको ब्ल्याक कफी पिउँदा स्वाद, सन्तुष्टि र सुस्वास्थ्यसमेत पाउन सकिन्छ ।

*(लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ हुनुहुन्छ ।)*

---

**विद्यार्थीका...**

पनि दण्डको रूपमा लिन्छ । मनोविज्ञान भन्छ, 'अत्यधिक सुविधा' ले सबैभन्दा पहिले 'दायित्व' मार्छ । दायित्वबोधबिना सिकाइ हुन सक्दैन ।

विद्यार्थीहरूको सिकाइ खस्किनुमा अर्को सामाजिक भ्रम गहिरोसँग जोडिएको छ - विदेश जाने मोह । आज नेपालका हजारौँ परिवारमा एउटै धारणा छ : "पढाइले होइन, विदेशले जीवन चल्छ ।" यही सोच बालकमा पनि बस्छ, "पढे पनि विदेश जाने, नपढे पनि विदेश जाने; त्यसैले किन नेपाली सिक्ने, किन विज्ञानमा ध्यान दिने ! बरु अहिलेदेखि अलि अलि गरेर भाषा सिक्दा राम्रो हुन्छ ।" यसले दुई गम्भीर परिणाम दिन्छ - पहिलो, विद्यार्थी आफ्नो वर्तमान सिकाइलाई अनावश्यक ठान्छ । दोस्रो, देशलाई 'अस्थायी बसाइँ' को रूपमा हेर्न थाल्छ । यस्तो भएपछि कक्षाकोठाको अर्थ गुम्छ । पाठ्यपुस्तक 'भिसा प्रक्रिया' का बिचको एउटा औपचारिकता जस्तै मात्र रहन्छ ।

विद्यार्थी र शिक्षकबिचको औपचारिक दूरी पनि अहिले निकै कमजोर भएको छ । 'विद्यार्थीलाई छुन नपाइने', 'उनीहरूको चित्त दुख्ने कुरा नभन्ने', 'कडा बोल्यो भने उजुरी', अति गरेको बेलामा 'एक थप्पड हान्यो भने मुद्दा' - 'आधुनिक सिकाइ' का यी बन्देजहरूले शिक्षकलाई भयभीत बनाएका छन् । शिक्षकले विद्यार्थीलाई अनुशासनमा राख्न डराउनुपर्ने भएको छ । पाठ सोध्नु भएन । गृहकार्य किन नगरेको भन्नु भएन । त्यसले विद्यार्थीको चित्त दुख्छ ! यसरी सिकाइको वातावरण नै नष्ट भएर बालबालिकाले नियन्त्रणविहीन स्वतन्त्रता पाउँदै छन् । परिणाम - कक्षामा शिक्षक असहज, विद्यार्थी निर्वाध !

विद्यार्थीलाई प्रेरणा होस् भनेर विभिन्न असल/सफल व्यक्तिको जीवनी पढाइन्छ । जब शिक्षकले कुनै सफल व्यक्तिको सङ्घर्ष कथा सुनाउँछन्, विद्यार्थीको पहिलो प्रश्न हुनसक्छ - "उनी गरिब थिए, म किन कष्ट गर्छु ? म त विदेश गएर सजिलै कमाउँछु ।" यसले सिकाइको मूल अर्थ 'सङ्घर्ष-सीप-सफलता' लाई पैसाको तुलनामा कमजोर बनाइदिन्छ । प्रेरक पात्रबाट 'कष्ट, सङ्घर्ष र अनुशासन' सिक्नुपर्ने हो, तर आजका बालकले तिनको 'आर्थिक अवस्था' मा मात्र चासो राख्छन् ।

खानपानको विकृतिले पनि विद्यार्थीकै सिकाइमा प्रत्यक्ष असर पारिरहेको छ । अहिलेको पुस्ता जङ्क फुडमा अत्यधिक निर्भर छ । मीठो, मसिनो, चिल्लो, मिठाइ, प्याकेट फुड... । फल, गेडागुडी, परिकार र स्वस्थ खानामा भने 'निरस' मानिन्छ । जङ्क फुडले शरीरमा ऊर्जा दिन्छ जस्तो लाग्छ तर तिनले वास्तवमा ध्यान, स्मरणशक्ति र मानसिक स्थिरतालाई कमजोर बनाउने वैज्ञानिक प्रमाण धेरै छन् । यो अवस्थामा सिकाइले यथोचित परिणाम दिन सक्दैन ।

अन्त्यमा, शिक्षक पेसाप्रति समाजले देखाएको बेवास्ता, अभिव्यक्तिगत जोखिम र असुरक्षाले सिकाइमा प्रत्यक्ष असर पारिरहेको छ । शिक्षक कडाइ गर्न नसक्ने, कक्षा नियन्त्रण गर्न नसक्ने, अभिभावकले गाली गर्ने डर, सामाजिक सञ्जालमा भिडियो सार्ने प्रवृत्ति - यी सबैले शिक्षकलाई 'सिकाउने' होइन 'बाँच्ने' र 'जागिर जोगाउने' मोडमा धकेलिदिन्छन् । जति शिक्षक कमजोर, त्यति कक्षा कमजोर र जति कक्षा कमजोर, त्यति शिक्षा खस्किँदै जान्छ । शिक्षकको मनोबल हराउँदा शिक्षा 'रूप मात्रको संरचना'मा सीमित रहन्छ ।

**अब मूल प्रश्न :**

माथि उल्लिखित विभिन्न कारणले विद्यार्थीले सिकेनन् । अब कसरी सिक्छन् त ?

शिक्षा कुनै जादू होइन; यो वातावरण, व्यवहार र मनोविज्ञानको समष्टिगत फल हो । यही कुरालाई हृदयङ्गम गर्दै समाधानका केही आधारभूत र अत्यन्त प्रभावकारी मार्गहरू यसप्रकार उल्लेख गर्न सकिन्छ :

पहिलो, परिवारले आफूलाई 'माया दिने पक्षमात्र' नभई 'संयमित र जिम्मेवारी सिकाउने पहिलो विद्यालय' ठान्नुपर्छ । मोबाइलको समय निर्धारण, काम बाँडफाँड, दायित्व, सीमित सुविधा, अनुशासन - यी बच्चामा आत्मनियन्त्रण र धैर्य निर्माण गर्ने मूल आधार हुन् ।

दोस्रो, विद्यालय र अभिभावकबिचको सहकार्य अनिवार्य छ । बच्चाको व्यवहार, सिकाइ र प्रविधिको प्रयोगसम्बन्धी स्पष्ट संयुक्त नीति बनाउनुपर्छ, जसमा विद्यालयले भनेको कुरा घरमा पनि मानिने होस् र घरले बनाएको सीमा विद्यालयमा पनि समान रूपमा लागु होस् ।

तेस्रो, विद्यार्थीमा 'किन पढ्ने ?' भन्ने उद्देश्य-केन्द्रित बुझाइ विकास गर्नुपर्छ । पाठ्यपुस्तक जीवनका समस्या समाधान गर्ने सीप हो भन्ने बोध गराइदिनु, सिकाइलाई आत्मनिर्भरता, चिन्तनशक्ति, व्यक्तित्व विकाससँग जोडिदिनु अत्यावश्यक छ ।

चौथो, अनुशासनलाई 'डर' होइन 'मार्गदर्शन' का रूपमा पुनर्परिभाषित गर्नुपर्छ । स्पष्ट, न्यायपूर्ण र समान व्यवहारले मात्र विद्यार्थीले 'दायित्व' बुझ्छ । अनुशासनविहीन स्वतन्त्रता शिक्षा होइन, बिग्रिएको 'उन्मुक्ति' हो ।

पाँचौँ, मोबाइललाई पूर्ण रूपमा हटाउने होइन, सकारात्मक उपयोगमा मोड्ने नीति आवश्यक छ । सिकाइ एप, समय अनुशासन, डिजिटल सामग्रीको छनोट - यी आधुनिक युगमा अनिवार्य छन् ।

छैटौँ, स्वास्थ्य, खानपान र मानसिक सन्तुलनलाई शिक्षाको एक महत्त्वपूर्ण भाग बनाउनुपर्छ । शरीर स्वस्थ भएन भने मन स्वस्थ हुँदैन र मन स्वस्थ नभए पढाइ सम्भव हुँदैन ।

सातौँ, शिक्षकको सुरक्षा, सम्मान र मनोबल पुनःस्थापित गर्नु सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । शिक्षक सुरक्षित भए भने मात्र उनले प्रभावकारी कक्षा सञ्चालन गर्न सक्छन् । शिक्षक सम्मानित भए भनेमात्र विद्यार्थीले अनुशासन सिक्न सक्छन् । समाजले शिक्षकलाई 'सरोकारविहीन कामदार' होइन, 'राष्ट्र निर्माणकर्ता' को रूपमा हेर्नुपर्छ ।

**निष्कर्ष**

विद्यार्थीले किन सिकेनन् भनेर सोध्दा हामीलाई धेरैजसो समस्या बाहिर देखिन्छ - मोबाइल, जङ्क फुड, विदेशी मोह, अनुशासनहीनता, शिक्षकप्रतिको बेवास्ता...। तर, मूल समस्या हो - सिकाइका लागि आवश्यक वातावरण परिवार, समाज र विद्यालय । यी तीनै तह विखण्डित अवस्थामा छ । जबसम्म यो तीनै तह एकमत, समन्वित र व्यवस्थित हुँदैनन् तबसम्म कुनै पाठ्यक्रम, कुनै प्रशिक्षण र कुनै सुधारले पनि गहिरो परिवर्तन ल्याउन सक्दैन ।

शिक्षा संस्थान होइन, साँच्चिकै संस्कार हो । संस्कार परिवारले दिन्छ, विद्यालयले विकसित गर्छ र समाजले संरक्षण गर्छ । यदि यी तीनै हात मिलाउन सके, हाम्रा विद्यार्थीले सिक्छन्, बुझ्छन् र सक्षम नागरिक बन्छन् ।

# सुविधा बचत तथा ऋण सहकारी संस्था लि.

च्याम्हासिंह-९, भक्तपुर, फोन नं. ०१-६६१६८४३

## १८ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

मिति २०८२/०७/०८ गते, शनिबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १८ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सहर्ष जानकारी गराउँदै समयमै अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारणसभामा छलफलका विषयहरु :**

१) आ.व. २०८१/२०८२ को वार्षिक प्रगति प्रतिवेदन तथा भावी कार्ययोजना पारित गर्ने सम्बन्धमा ।
२) आ.व. २०८१/२०८२ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/२०८३ को अनुमानित बजेट पारित गर्ने सम्बन्धमा ।
३) लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४) आ.व. २०८१/२०८२ को लेखापरीक्षकले तयार पारेको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
५) आ.व. २०८२/२०८३ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६) सञ्चालक समितिले निर्णय गरिएको नीति नियम पारित गर्ने सम्बन्धमा ।
७) साधारणसभाको निर्णयपुस्तिका प्रमाणीकरणका लागि प्रतिनिधि चयन सम्बन्धमा ।
८) विनियम संशोधन गर्ने सम्बन्धमा ।
९) विविध ।

**कार्यक्रम**
**मिति** : २०८२ मङ्सिर १३ गते, शनिबार
**समय** : बिहान ८:०० बजेदेखि ११ :०० बजेसम्म
**स्थान** : संस्थाको कार्यालय प्राङ्गण , च्याम्हासिंह, भक्तपुर

**पुनश्च :**

- सदस्य महानुभावहरूले संस्थाको पासबुक वा पत्र अनिवार्य रूपमा लिई आउनुहोला ।
- ३ महिनाभन्दा बढी नियमित बचत गर्न छुटेका, भाखा नाघेका ऋणी र ३ महिनासम्म ऋणको ब्याज तिर्न बाँकी सदस्यहरूलाई साधारणसभामा पाउने सुविधा प्रदान गरिनेछैन ।
- सम्पूर्ण शेयर सदस्यहरूलाई साधारणसभासम्बन्धी पत्राचार भइसकेको हुनाले कथंकदाचित पत्र नपुगेमा यसै सूचनालाई आधार मानी समयमै उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछ ।

*अनुरोधक : सञ्चालक समिति*



दर्ता नं. : १९२/०६४/०६५ "थोपा थोपा संचय, सुरक्षित भविष्य" पान नं. : ३०३२१२८७८

# अभियान बचत तथा ऋण सहकारी संस्था लि.

Abhiyan Saving & Credit Co-Operative Ltd.

कमलबिनायक-९, भक्तपुर, फोन : ६६१०१४६, E-mail : abhiyaansaccos@gmail.com

## ऋण कर्जा चुक्ता भुक्तान गर्नेसम्बन्धी ७ दिने सूचना

यस संस्थाबाट तपसिलमा उल्लेख अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनुभएका तपसिलका ऋणी सदस्यले ऋणको सावाँ, ब्याज र हर्जनासमेत नतिरी/नबुझाई लिखतअनुसारको ऋणसम्बन्धी सर्तहरू पटकपटक उल्लङ्घन गरेकोले बारम्बार लिखित तथा मौखिक तरताकेता गर्नुका साथै मिति २०८२ असार २३ गतेका दिन राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जा चुक्ता गर्न आउनेबारेको सूचना प्रकाशित गर्दासमेत आफूले बुझाउनुपर्ने ऋणको रकम चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाएकोले यो धितो लिलामको सूचना प्रकाशित गरिएको छ । संस्थासँग भएको सर्त, कबुलियत, तमसुकबमोजिमको धितोको सम्पत्ति जे जस्तो छ, सोही अवस्थामा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको विनियमअनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको डाक बढाबढ गरी बेचबिखन गरिने हुँदा सो धितो खरिद र सकार गरी लिने इच्छुक सर्वसाधारणहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितोको विवरण | जमानीकर्ताहरूको विवरण | |
|---|---|---|---|
| <br>नाम : बाटुलीदेवी खड्का<br>ना.प्र.प.न. : १३/०४५-०४६<br>जारी मिति : २०४६/०२/३१<br>जारी स्थान : भक्तपुर<br>बाबुको नाम : पद्मबहादुर खत्री<br>बाजेको नाम : चित्रबहादुर खत्री<br>श्रीमानको नाम : भिमबहादुर खड्का | १. ऋणीको संयुक्त नाममा मालपोत कार्यालय भक्तपुर, चाँगुनारायण न.पा., सुडाल साबिक वडा नं. ५'ख' हाल वडा नं. ८ को कित्ता नं.४४४ क्षेत्रफल ०-४-३-० को घर जग्गासमेत । | <br>नाम : भगवान खड्का<br>ना.प्र.प.न.: ९७९८५<br>जारी मिति : २०५४/१२/२६<br>जारी स्थान : भक्तपुर<br>बाबुको नाम : भिमबहादुर खड्का<br>बाजेको नाम : ठुलो अक्लबहादुर खड्का<br>श्रीमतीको नाम : कल्पना खड्का | <br>नाम : ईश्वर खड्का<br>ना.प्र.प.न. २५७६७<br>जारी मिति : २०५६/१०/२०<br>जारी स्थान : भक्तपुर<br>बाबुको नाम : भिमबहादुर खड्का<br>बाजेको नाम : ठुलो अक्लबहादुर खड्का |

**लिलाम बिक्रीका सर्तहरू :**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले बोलेको कुल रकमको १०% ले नगद धरौटीबापत तुरुन्तै (डाक बढाबढ गरेकै बखतमा) यस संस्थामा बुझाउनुपर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृतपत्र पाएको ७ दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनुपर्नेछ । नबुझाएमा त्यसपछि दोस्रो बढी रकम कबोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला र खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर बापतको रकम सबै आफैले व्यहोर्नुपर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको समयमा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अङ्क बोल्ने व्यक्तिलाई धितो सुरक्षणको अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा संरक्षित रहनेछ ।
६. घर जग्गा हेर्न चाहेमा आफ्नो खर्चमा सम्बन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. जग्गा धनी वा निजको प्रतिनिधि लिलाम बिक्री हुने समयमा उपस्थित हुनुपर्नेछ । तर, निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम बिक्री हुँदा डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैले धितो सम्पत्ति सकार गरी लिनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थान :**
लिलाम हुने मिति : २०८२/०८/१५ गते, सोमबार
समय : दिउँसो १:०० बजे
स्थान : संस्थाको कार्यालय, कमलविनायक-९, भक्तपुर ।


# गणेश मा.वि.मा अक्टोबर क्रान्ति दिवस

भक्तपुर, ७ मङ्सिर । अक्टोबर समाजवादी क्रान्ति दिवसको अवसरमा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ गणेश माध्यमिक विद्यालय भार्वाचोले आइतबार शिक्षक भेला सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले सोभियत समाजवादी क्रान्तिले युरोपकै बिरामीका रूपमा चित्रण गरिएको देशलाई समाजवाद निर्माणको क्रममा पुँजीवादी देशहरूले दुई सय वर्ष लगाएर गरेको प्रगति तीस वर्षमै गरेको चर्चा गर्दै विश्व राजनीतिको इतिहास अक्टोबर समाजवादी क्रान्तिबिना अपूरो रहने बताउनुभयो ।

सोभियत सङ्घमा समाजवादी व्यवस्था रहँदा विश्वभरिका मानिसहरूलाई डाक्टर, इन्जिनियर, प्राध्यापकलगायत विविध विषयका विज्ञ बनाएको घटनालाई सम्झँदै उहाँले सोभियत समाजले चीनलगायतका देशहरूमा समाजवादी व्यवस्था स्थापना गर्न बाटो देखाएको थियो भन्नुभयो ।

उहाँले भन्नुभयो, "शिक्षा, स्वास्थ्य, उद्योग, विज्ञान र प्रविधिमा गरेको विकासले समाजवादी व्यवस्था नै आजसम्मको उत्कृष्ट व्यवस्था भएको प्रमाणित भएको छ । सोभियत समाजवादको अस्थायी हारसँगै समाजवादको महत्त्व झन् बढेको छ ।"

प्रदेश सदस्य गोसाईंले नेपालमा बुद्धिजीवी र शिक्षित व्यक्तिहरूलाई राजनीति गर्न नपाउने व्यवस्था बनाउँदै अहिलेसम्मका सरकारमा गएका दलहरूले नयाँ पुस्ता निर्माणमा ध्यान नदिएकोले देश झन्झन् जटिलतातिर गएकोले परिवर्तन चाहने व्यक्तिले निरन्तर रूपमा सचेतना फैलाउने कार्य गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेक्राशिसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले नेपालमा पटकपटक परिवर्तन भए तापनि जनताको पक्षमा आमूल परिवर्तन नभएको चर्चा गर्दै अक्टोवर क्रान्तिले उत्पादनका साधनहरू राष्टियकरण गरेको, निःशुल्क शिक्षा, स्वास्थ्यको व्यवस्था गरेको, योग्यताअनुसारको काम दिएको, कृषि-उद्योगमा सरकार नियन्त्रित अर्थव्यवस्था चलाएको बताउनुभयो ।

कार्यक्रममा समितिका अध्यक्ष रत्नप्रसाद फैजू र शिक्षक उकेश सुवालले पनि बोल्नुभएको थियो ।

# देशमा समाजवाद स्थापना नभएसम्म कामदारवर्गका जनताले सुख नपाउने

जुम्ला, ७ मङ्सिर । जुम्लाकोट गाउँपालिकाको वडा नं. ८ र ६ वडाका जनतासँग आइतबार नेमकिपाका नेता तथा कार्यकर्ताहरूको भेटघाट कार्यक्रम भयो ।

उक्त भेटघाटमा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले देशमा समाजवाद स्थापना नभएसम्म कामदारवर्गका जनताले सुख नपाउने विचार व्यक्त गर्नुभयो ।

पुँजीपतिवर्गको सरकारले कहिले पनि श्रमजीवी जनताको सेवा नगर्ने हुँदा नेमकिपा समाजवादी गणतन्त्र स्थापनाको निम्ति सङ्घर्षरत रहेको विचार व्यक्त गर्नुभयो ।

पुँजीवादी दलका नेताहरूले जनता जनता जुधाएर फाइदा लिइरहेको चर्चा गर्दै उहाँले नेमकिपाले पुँजीवाद र समाजवादको भेदबारे जनतामाझ स्पष्ट पार्दै आएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा जुम्ला जिल्ला समितिका अध्यक्ष पूर्णलाल खत्रीले बहुमत जनताको हितको निम्ति नेमकिपाले इमानदारीपूर्वक काम गरिरहेको प्रकाश पार्नुभयो ।

यसैबिच सोही दिन देउराली माविका शिक्षक र विद्यार्थीहरूबिच अन्तरक्रियात्मक कार्यक्रम भयो ।

सो अवसरमा केन्द्रीय सदस्य काफ्लेले सरकारी विद्यालय जनताको विद्यालय हो; विद्यार्थीहरूको भविष्य जीवन सुनिश्चित गर्न गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "हरेक शिक्षकले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ । 'सरकारको काम कहिले जाला घाम' मा अल्झेर शिक्षकहरू लाग्नु हुँदैन ।"

त्यस्तै तिलगाउँपालिका वडा नं. ६ स्थित रीति र सुदी गाउँमा पनि जनतासँग भेटघाट कार्यक्रम भयो ।

उक्त कार्यक्रममा स्थानीय जनताको समस्याबारे छलफल गरिएको थियो ।

***जापान...***

ढङ्गले काम गरिरहेको बताउँदै उहाँले जापान सरकारको सहयोग अविष्मरणीय भएको बताउनुभयो ।

भेटमा जिम्टेफका डा. मिट्सुहिरो कामिमुराले जिम्टेफको सहयोगमा सञ्चालित छाती पुन:स्थापना केन्द्रबाट धेरै दम रोगी बिरामीहरूले सेवा पाइरहेकोमा खुसी व्यक्त गर्दै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको सेवा प्रवाहबाट निकै प्रभावित भएको बताउनुभयो ।

भक्तपुरबाट सुरु भएको छाती पुन:स्थापना सेवा नेपालभरि नै फैलिने आशा राख्दै उहाँले नेपाल र जापानबिचको सहकार्य र सद्भाव आगामी दिनमा पनि कायम रहने विश्वास व्यक्त गर्नुभयो ।

टोलीमा जिम्टेफका तर्फबाट लक्ष्मन सान्ज, तारो कोटो, कोइसुके योहिमोतो, युजाकोबासी, योसिहितो अरिमोतो, अजित आचार्य, मुनेहिसा फुकुसुमी, क्युटा साकामोतो, प्रोग्राम अफिसर स्टेला शाक्यलगायतको उपस्थिति थियो । नगर प्रमुख प्रजापतिले टोलीलाई भक्तपुरको प्रसिद्ध मयुरको झ्याल तथा प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

टोलीलाई छाती पुन:स्थापना केन्द्रमा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवले स्वागत गर्नुभएको थियो । सोही क्रममा अस्पतालका व्यवस्थापक विश्वजित प्रजापतिले अस्पतालको सेवा प्रवाहबारे प्रस्तुतीकरण देखाउनुभएको थियो । टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल र श्वासप्रश्वास पुन:स्थापना केन्द्रको सेवा प्रवाह स्थलगत अवलोकन गर्नुभयो ।

भक्तपुर नगरपालिकाले २०७७ माघबाट जापान इन्टरनेसनल मेडिकल टेक्नोलोजी फाउन्डेसन (जिम्टेफ) को प्राविधिक सहयोगमा श्वासप्रश्वास पुनर्स्थापन केन्द्र भवन उद्घाटन गरी उपचार सेवा सुरु गरेको थियो ।


भक्तपुर नगरपालिका

# अरनिको सभा भवन निर्माण आयोजना

देकोचा-६, भक्तपुर

## Online बोलपत्र आह्वानको सूचना

**गोरखापत्रमा प्रकाशित मिति : २०८२/०८/०८ गते**

भक्तपुर नगरपालिद्वारा सञ्चालित अरनिको सभाभवन निर्माण आयोजनाबाट चालु आ.व.०८२/८३ का लागि तपसिलमा उल्लेख भएबमोजिमको निर्माणसम्बन्धी कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त गरेका निर्माण व्यवसायीहरूले आवश्यक कागजातसहित www.bolpatra.gov.np/egp मार्फत Online Bid Submission गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ । Bid submit गर्न कार्यालयको निम्नानुसारको राजस्व खातामा Bid price दाखिला गरी सोको सक्कल भौचरको Scanned copy समेत अपलोड गर्नुपर्नेछ । यसको लागि Bidder को योग्यता (Qualification criteria) Bid Document मा उल्लेख गरिएको छ ।

**बैङ्कको नाम** : नेपाल बैङ्क लिमिटेड, कमलविनायक
**कार्यालय कोड नं.** ८०३३३४०२
**राजस्व खाता नं.** ०१९०३०००००१००१००००००३

**खातावालाको नाम** : भक्तपुर नगरपालिका
**धरौटी खाता नं.** ०१९०३०००००३००००००००३
**राजस्व शीर्षक नं.** १४२१३

विवरण

| सि.नं. | ठेक्का नं. | कामको विवरण | Bidding Procedure | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत |
|---|---|---|---|---|---|
| १. | Araniko/NCB/works/01/082/83 | Construction of Araniko Sabha Building (Phase III) at Ward no.6, Dekocha, Bhaktapur | Single Stage Two Envelope | रु. १०,०००।- | रु. ३१,००,०००।- |

**प्रिविड मिटिङ्ग हुने मिति/समय** : २०८२/०८/२५ गते, दिउँसो १ बजे
**स्थान** : अरनिको सभाभवन निर्माण आयोजनाको कार्यालय
**बोलपत्र पेस गर्ने अन्तिम मिति/समय** : २०८२/०९/०९ गते, दिउँसो १२:०० बजे
**बोलपत्र खोलिने मिति/समय/स्थान** : २०८२/०९/०९ गते, दिउँसो २:०० बजे, भक्तपुर नगरपालिकाको कार्यालयको बैठक कक्ष
**विस्तृत जानकारीका लागि** : कार्यालय (०१-६६२०९३२) वा PPMO (bolpatra.gov.np/egp.)


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा